# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा समाज विकासको सूचक, राष्ट्र विकासको मेरुदण्ड र शिक्षण सिकाइ क्रियाकलापको दस्तावेजको रुपमा लिईन्छ । शिक्षा परिर्वतनको सोपान हो । वर्तमान प्रतिस्पर्धात्मक विश्व जगतमा शिक्षा एक जटिल तथा मानवीय कार्य हुन पुगेको छ । जसले समाजका विभिन्न क्षेत्रलाई सहयोग पुऱ्याउँनुका साथै शैक्षिक नेतृत्व समेत लिनुपर्दछ । आजको युगले मानिसलाई शिक्षाको खोजमूलक र व्यवहारमूलक कार्यमा लाग्न प्रेरित गरेको छ । हिजोको तुलनामा वर्तमान अवस्था निकै जटिल र चुनौतिपूर्ण रहेको छ । युगसापेक्ष चुनौतिको सामना गर्न शिक्षाले प्रशस्त आधार प्रदान गर्दछ । यो भरपर्दो आधार भनेको गुणस्तरीय शिक्षा नै हो । व्यक्ति, समाज र राष्ट्रको आवश्यकता तथा विश्वपरिवेशका हरेक मोडमा प्रतिस्पर्धी हुनसक्ने किसिमको जनशक्ति उत्पादन गर्नका लागि उपयुक्त शैक्षिक वातावरण, स्तरीय पठ्क्रम निर्माण, पाठ्यपुस्तक तथा शैक्षिक समाग्रीको निर्माण तथा विकास, उपयुक्त शिक्षण सिकाइ क्रियाकलाप आदिको लागि सुपरीवेक्षणको सान्दर्भिकता रहेको छ । जवसम्म शैक्षिक सुपरीवेक्षण सेवा प्रभावकारी हुदैन तव सम्म शिक्षण सिकाइमा समय सापेक्ष सुधार, गुणस्तरीय शिक्षा, समाज, राष्ट्र, र व्यक्तिको आवश्यकताको परिपूर्ति गर्ने शिक्षाको कल्पना पनि गर्न सकिदैन । त्यसैले शैक्षिक क्षेत्रलाई लक्ष्य अनुरुप निर्ष्कषमा पुऱ्याउँन निरन्तर तथा प्रभावकारी सुपरीवेक्षण गर्नु अपरिहार्य छ ।

उपरोक्त वमोजिमको शैक्षिक क्षेत्रको महत्वपूर्ण पक्ष विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षणलाई प्रभाकारी वनाउन अनेकन प्रयासहरु भएतापनि विद्यालयले अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न सकिरहेका छैनन् । सम्बन्धित सरोकारवालाहरुको गुनासो सुन्दा बिभिन्न सुचकहरु, तथ्यांकहरु हेर्दा यस जिल्लामा पनि प्रभावकारी शैक्षिक सुपरीवेक्षण हुन नसकीरहेको अवस्था छ । सुपरीवेक्षण हुँदापनि भेटघाट तथा औपचारिकतामा मात्र सीमित रहेको गुनासो आइरहेको सर्न्दभमा के कति कारणले गर्दा यस्तो अवस्था भएको हो । यो आरोप केवल कपो कल्पित भनाई मात्र हो कि, शिक्षण सिकाइमा प्रभावकारी सुपरीवेक्षण हुन नसक्दा नै शैक्षिक गिर्दो अवस्थामा रहेको हो कि, यिनै कुराहरुको निर्क्योल गर्न विद्यालयको शैक्षिक गुणस्तरमा

शैक्षिक सुपरीवेक्षणको के कस्तो प्रभाव परेको छ, शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षकहरुले कक्षाकोठामा के कस्ता विधि र तरिका अपनाउदै आएका छन् , विद्यालय शिक्षा शिक्षण सिकाइमा सम्बन्धित सुपरीवेक्षकले के कस्तो भूमिका निर्वाह गरेका छन् , शिक्षक, प्र.अ., वि.व्य.स., निरीक्षकहरुको सुपरीवेक्षणका प्रभावकारिताबाट विद्यालयहरुले अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न सफल भएका छन् वा छैनन् आदि कुराको वारेमा गहनतम अध्ययन गर्न यो शोधपत्र विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षणको अवस्था तयार गरिएको छ । यो अध्ययनबाट सम्वन्धित सवै पक्षलाई शिक्षण सिकाइमा सिर्जनात्मकता, गतिशीलता र प्राविधिक सेवा दिन शिक्षक र विद्यार्थीहरुलाई निरन्तर शैक्षिक विकासमा उत्प्रेरित खालका शैक्षिक कार्यक्रम तथा योजना तयार गर्न सहयोग मिल्ने अपेक्षा गरिएको छ (अधिकारी,२०७४) ।

शिक्षण र सिकाई भिन्न कुरा हुन् । सिकाई विना शिक्षणको कुनै अर्थ छैन । त्यस्तै उपयुक्त शिक्षणनै सिकाईको बलियो आधारशीला मानिन्छ । अर्थात शिक्षण सिकाई एक अर्कामा अन्तर सम्बन्धित हुन्छन् । शिक्षकले कक्षामा गएर जति मेहनेत गरेर पढाए पनि विद्यार्थीले सिक्न सकेन भने त्यो बेकार हुन्छ । त्यसैले हरेक शिक्षकले शिक्षण गर्दा के कुरामा ध्यान पुऱ्याउँन आवश्यक छ भने आफूले पढाएको कुरा विद्यार्थीले वुभ्न सक्छन् कि सक्दैनन् अथवा सिकाउन खोजेको कुरा के हो, र विद्यार्थीमा उक्त सिकाएको कुराबाट पाठ्क्रमले अपेक्षा गरेका सिकाई उपलब्धि पुरा गर्ने सकियो कि सकिएन । त्यसैले शिक्षण सिकाई प्रक्रियालाई प्रभावकारी र उद्देश्यमूलक बानाउन शिक्षण शिकाईको व्यवस्थापन गर्नु आवश्यक हुन्छ । किन, कसलाई, कसरी, कति र के पढाउने भन्ने कुरालाई विद्यार्थीको कक्षा, उमेर, सिक्ने क्षमता, वातावरण लगायत कुराहरुलाई ध्यान दिई निर्धारण गर्न सक्नुपर्दछ । शिक्षण सिकाइ व्यवस्थापनका लागि एउटा शिक्षकको दायित्व भनेको उसको कक्षामा जनुअघि के, किन, कसरी, कति र कसलाई भन्ने कुराको मननगरी योजना बनाउनु आवश्यक हुन्छ । योजना विनाको शिक्षण सार्थक हुन सक्दैन । योजना निर्माण गरी पढाउने, कति पढाउने, कसरी पढाउने, भन्ने कुराको निर्णय गरिसके पछि दोश्रो चरणमा वास्तविक शिक्षण गर्नुपर्दछ । शिक्षण गर्दा विद्यार्थी केन्द्रीत शिक्षण प्रक्रिया अपनाउनु पर्दछ । आफूले बनाएको योजनाअनुसार कक्षामा गएर शिक्षण कार्य शिक्षकले गर्नुपर्दछ । त्यस पछि शिक्षण योजनामा राखिएको उद्देश्यहरु के कति प्राप्त भए के कति प्राप्त भएनन् भनेर मूल्याङ्कन गर्नु पर्दछ (कार्की, २०७३) ।

शर्मा, २०५७) का अनुसार निर्धारित उद्देश्यहरु प्राप्त भएन भने सुधारात्मक शिक्षणको तयारी पनि आवश्यक हुन्छ । योजना गर्दा राखिएका शिक्षणका उद्देश्यहरु पुरा भए वा भएनन् भन्ने कुरा शिक्षकले पढाएका विद्यार्थीमा पाठ्क्रमले खोजेजस्ता सीप विकास भए भएनन् भन्ने कुरा निर्भर गर्दछ ।

गुणस्तर विनाको शिक्षा नुन विनाको तिउन् जस्तै हुन्छ । गुणात्मक शिक्षाका प्रमुख तत्वहरु भित्र पाठ्यक्रमको स्तर, मूल्यांकन विधिको प्रभावकारिता, शिक्षकको स्तर र उपयुक्त शैक्षिक वातावरण पर्दछन् । अपेक्षा गरिए बमोजिमको स्तर कायम हुन सकेको छ कि छैन भनेर ठम्याउन शैक्षिक निगरानीको प्रक्रिया अवलम्बन गरिएको हुन्छ भने कहीँ सुपरिवेक्षण व्यवस्था । दुवैको अभिप्राय र आशय उस्तै-उस्तै हो, अन्तर प्रक्रियागत मात्र हो (शर्मा, २०५७) ।

(शिक्षा विभाग, २०६२) ले उल्लेख गरे अनुसार कुनै कार्य वा पद्धतिको परिवेश स्थिति, अवस्था एवं प्रभावकारिताको लेखाजोखा वा जाँचबुझ गर्नु निरीक्षण हो । दिव्य दृष्टिबाट कामको अवलोकन गर्ने, अध्ययन गर्ने र समाधानका लागि प्रयास गर्ने कार्य चाहिँ सुपरिवेक्षण हो । त्यस्तै विद्यालय निरीक्षण कार्यले विद्यालयको कार्य पद्धति, पाठ्यक्रमको प्रयोग अवस्था तथा समग्र शैक्षिक अवस्था एवं प्रभावकारिताको जाँचबुझ गर्दछ । यसै गरी विद्यालय सुपरिवेक्षण कार्यले विद्यालयको दैनिक कार्यपद्धति, पाठ्यक्रमको प्रयोग, शिक्षण प्रक्रिया, शैक्षिक अवस्था र प्रभावकारिताको सम्बन्धमा गहिरिएर अध्ययन गर्ने र सुधारका लागि प्रयासहरु गर्दछ ।

नेपाली बृहत शव्दकोषले निरीक्षणलाई कुनै काम ठिक सँग भए नभएको जाचबुझ गर्ने काम भनेर अर्थ्याएको छ । निरीक्षणलाई कसैले प्रशासनिक कार्यका रुपमा लिने गरेको पाईन्छ भने कसैले सुपरीवेक्षणका रुपमा लिने गरेको पाईन्छ । संकुचित अर्थमा निरीक्षणलाई जाजबुझ गर्ने कार्यका रुपमा लिईन्छ भने व्यापक अर्थमा यसलाई सुपरीवेक्षणलाई लिईन्छ । जेहोस् शैक्षिक दृष्टिकोणले निरीक्षणलाई सुपरीवेक्षणका रुपमा लिईन्छ पौड्याल, २०७४) ।

औपचारिक शिक्षाको सुरूवातसँगै विद्यालय निरीक्षण प्रक्रियाको सुरूवात भएको विश्वास गरिन्छ । हाम्रो शैक्षिक परम्परामा शिक्षा लिने र दिने कार्यको संस्थागत थालनीसँगै निरीक्षण र सुपरिवेक्षण कार्यको अपरिहार्यताको सोच विकास हुन थालेको पाइन्छ (शिक्षा विभाग, २०६१) । सन् १८१२ मा न्यूयोर्कमा सुपरिवेक्षणसम्बन्धी एउटा विधेयक पारित गरेर यसको थालनी भयो ।

सन् १८१२ मा पहिलो राज्य सुपरिटेण्डेन्टको व्यवस्था पछि औपचारिक शिक्षाको विकास र विस्तारको साथै यसको गुणस्तरीयताका लागि सुपरिवेक्षण कार्यको विकास भएको देखिन्छ ( काफ्ले तथा अन्य, २०६१ ) ।

(आ.प्रा.शि.प.,१९९७) मा उल्लेख भए अनुसार औपचारिक शिक्षाको सुरूवात राणाकालीन समयमा भएको पाइन्छ । त्यसबेला शक्तिशाली राणा प्रधानमन्त्री श्री ३ जङ्गबहादुर राणा वि.सं. १९०३ मा बेलायतबाट फर्केपछि थापाथली दरबारमा राणा परिवारका लागि मात्र औपचारिक स्कूलको स्थापना गरेका थिए । त्यसपछि त्यहाँ विद्यार्थीहरूको सङ्ख्या बढ्दै गयो र केही वर्षपछि वि.सं. १९१० मा दरबार हाइस्कूलका रूपमा स्थापना गरियो । वि.सं १९१० मा त्यस विद्यालयका प्र.अ. मिस्टर क्यानिङ्ग थिए भने मिस्टर रोस लाई विद्यालय निरीक्षक (School Inspector) का रूपमा नियुक्ति गरिएको थियो । त्यसै समयदेखि नेपालमा विद्यालय निरीक्षण सुरू भएको पाइन्छ ।

शैक्षिक सुपरीवेक्षणको मुख्य ध्येय कक्षाकोठामा हुने शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी वनाउनु हो । वास्तविकताको अध्ययन एवं विश्लेषण गरी शिक्षण सिकाईमा प्रभावकारिता ल्याउनको लागि गरिने प्रयास सँगै शैक्षिक सुपरीवेक्षणले सरोकार राख्दछ । शैक्षिक उद्देश्य प्राप्तिका लागि कक्षा कोठामा गरिने शिक्षण सिकाई क्रियाकलाप सहित अन्य अवस्थाको अध्ययन एवं विश्लेषण सुधार एवं विकासका लागि सुझाव, निर्देशन समन्वयन गर्ने शिक्षकलाई पेशागत सहयोग उपलव्ध गराउन, सरकारी नीति नियमहरुको प्रशोधिकरण गरी कार्यान्वयनमा सहयोग गर्ने जस्ता प्राज्ञिक एवं व्यावसायिक कार्यहरु सुपरीवेक्षणसँग सम्वन्धित् छन् ।

(सिन्हा,२०६३) का अनुसार वि.सं. १९७६ सालमा पाठशाला बन्दोवस्त इन्स्पेक्टरी अफिस खडा भएपछि त्यस अफिसको हाकिममा श्री ज्वाला सिंह हमाललाई नियुक्त गरिएको थियो । उनको मातहतमा चार जना इन्स्पेक्टरहरु थिए । नाम अनुसारको काम गर्न इन्स्पेक्टर बर्षको एक पटक जिल्लाको गौंडामा पाठशाला पुग्नु पर्दथ्यो । पाठशाला त्यतिवेला सतल वा पाटी पौवा वा देवालय समीपमा सञ्चालन हुने भएकोले पाठशालाको भौतिक पक्षको निरीक्षण गर्ने केही कुरा थिएन । शैक्षिक पक्ष सुधार गर्ने कुनै सिद्धान्त नहुँदा निरीक्षकले केवल पण्डित (शिक्षक) हरु समयमा पाठशाला आउने-नआउने, पढाउने त्यति बुझ्ने पुग्थ्यो (शर्मा, २०५७) । नेपालको शिक्षा विकासको क्रममा जुद्ध शमसेरको पालामा वि.सं. १९९६ सालमा शिक्षा सम्बन्धी इस्तिहार

अर्थात् कानूनको घोषणा गरियो । विद्यालय स्थापना, निरीक्षण व्यवस्था, पाठ्यक्रम, जनसहभागिता, सञ्चालक समिति आदि सबै विषयहरुमा जनतालाई सरिक गराउने गरी निस्केको यो पहिलो कानून थियो । सो अनुसार विद्यालयहरुको निरीक्षणको प्रमुख जिम्मेवारी सञ्चालक समितिलाई नै दिइएको थियो । विद्यालयको हिसाबकिताबको जाँच सम्बन्धमा सरकारी इन्स्पेक्टरले निरीक्षण गर्ने व्यवस्था पनि यो इस्तिहारले गरेको पाइन्छ । विद्यालयका शिक्षकहरुको चालचलन र विद्यालय व्यवस्थाका बारेमा सञ्चालक समितिले नै निरीक्षण गरी डाइरेक्टर जनरललाई जाहेर गर्नुपर्ने व्यवस्था थियो । यसरी त्यसबेलाको निरीक्षण आजको शैक्षिक सल्लाहकार र निरीक्षक दुबै काम गर्न सक्ने योग्यता र तहको व्यक्ति हुने गर्दथ्यो । पहिलो शैक्षिक कानूनको आधारमा विद्यालयहरुको भौतिक अवस्था, शिक्षकको योग्यता र पठनपाठनको स्तर निरीक्षण गर्ने गरी वि.सं. १९९८ मा इन्स्पेक्टर अफ स्कूल अफिस खडा गरियो । यसै पछि विद्यालय निरीक्षण प्रणालीको औपचारिक सुरूवात भएको हो । त्यस वेला सुपरिवेक्षण केवल निरीक्षणका रूपमा मात्र रहेको पाइन्छ । त्यतिखेर निरीक्षणको उद्देश्य नियम बमोजिम विद्यालय सञ्चालन भए नभएको हेर्नु र विद्यालयको प्रशासनिक नियन्त्रण गर्नुमात्र थियो ।

(शर्मा, २०६१) का अनुसार प्रजातन्त्रको उदय पश्चात देशभर विभिन्न स्थानमा विद्यालयहरू खोल्ने लहर बढेपछि ती विद्यालयहरूको निरीक्षण तथा अनुगमन गर्नका लागि विद्यालय सुपरिवेक्षणको व्यवस्था प्रभावकारी बनाइयो । वि.सं. २०१० सालमा सात ओटा जोन : धनकुटा, जनकपुर, काठमाण्डौ, पोखरा, तौलिहवा, नेपालगञ्ज र डोटीमा स्थापना गरी सात जना जोनल इन्सपेक्टर नियुक्त  गरियो । साथै प्रत्येक जोनमा ३ जना सव इन्सपेक्टर को व्यवस्था गरियो । त्यसबेला देखि वृहत विद्यालय निरीक्षण सञ्जाल सिर्जना गरियो । नेपाल राष्ट्रिय शिक्षा आयोग, २०११ को प्रतिवेदनले प्रजातान्त्रिक पद्धति अनुसारको शिक्षा प्रणाली र व्यवस्थापन तथा त्यसलाई दिगो र प्रभावकारी बनाउन अनुकूल किसिमको सुपरिवेक्षण प्रक्रियाको व्यवस्था हुनुपर्ने सिफारिस गरेको थियो । शिक्षा कुनै यन्त्रको जस्तो दर राख्न वा एक निरीक्षकद्धारा जाँच्न सकिने यान्त्रिक सञ्चालन होइन । शिक्षकहरुलाई गतिको दर, कण्ठ गराएका कामको राशि अथवा थान गन्तीको पूर्णता जाँच्ने कर्मी-नाइकेको आवश्यक छैन । उनीहरुलाई त प्रेरणा र बाटो देखाउने मूल चाहिन्छ । अझ, आमाबाबु पाठशालाका सफलताको राम्रो सूचि प्रायः दिन्छन् र असल

पाठशाला कायम राख्न वास्तविक शक्ति खडा गर्छन् । जिल्ला र प्रादेशिक पर्यवेक्षकहरु शिक्षक र पाठशालाहरुलाई निम्नतम् स्तर स्थिर राख्न मद्दत हुने बाटो देखाउन सक्छन्, तर पर्यवेक्षणको साँच्चिकै काम उपकारक र मैत्रीपूर्ण पथ-प्रदर्शन स्थानीय तहमा सुयोग्य सहानुभूति प्रधानाध्यापकबाट नै राम्ररी हुन सक्छ ।

(अर्याल, २०६२ ) का अनुसार विद्यालय निरीक्षण व्यवस्था सुदृढ गर्ने क्रममा शिक्षा मन्त्रालयमा वि.सं. २०१८ सालमा निरीक्षण सल्लाहकारको दरबन्दी खडा गरी विदेशमा तालिम प्राप्त निरीक्षण विशेषज्ञलाई नियुक्त गरेको पाइन्छ । शिक्षालाई समयोचित ढंगले विस्तार गर्दै लैजान र शैक्षिक प्रशासन पनि वैज्ञानिक तवरले सञ्चालन गर्नका लागि वि.सं. २०१८ साल वैशाख २५ गतेका दिन १२ सदस्यीय सर्वाङ्गिण राष्ट्रिय शिक्षा समितिको गठन भएको थियो । यसले वि.सं. २०१० सालमा गठित नेपाल राष्ट्रिय शिक्षा योजना आयोगका सिफारिसलाई समर्थन गर्दै केही थप सुझाव दिइएको थियो । यसले विद्यालय निरीक्षण प्रणालीलाई प्रबर्द्धन गर्ने कुराको समेत सिफारिस गऱ्यो । यस प्रतिवेदनमा जिल्ला शिक्षा निरीक्षक, अञ्चल शिक्षा अधिकारी र शिक्षा निर्देशक, डाइरेक्टर अफ पब्लिक इन्सट्रक्सन जस्ता पदहरु समाविष्ट छन् (अर्याल, २०६२) ।

शिक्षा प्रशासन र निरीक्षण सम्बन्धमा अनुभव आदान प्रदान गर्न र निरीक्षण व्यवस्थालाई प्रयास भएको पाइन्छ । यस क्रममा वि.सं. २०१९ सालमा युनेस्कोको सहयोगमा डा.एच.बी.उड र ब्रुनो कनालको २ सदस्यीय आयोगले नेपालको शिक्षाका विविध पक्षका बारेमा अध्ययन गरी विभिन्न महत्वपूर्ण सुझाव दिएको थियो । ती मध्ये शिक्षा निर्देशकको मातहतमा पाठ्यक्रम तथा निरीक्षण महाशाखा खडा गर्न सिफारिस गरेको थियो । वि.सं. २०१७ देखि २०२७ सम्मको अवधिभित्र विद्यालयको संख्या द्रुतगतिले बढ्यो । यसबाट विद्यालयको शिक्षाको गुणस्तरमा प्रतिकुल असर पर्न जाने सम्भावना देखी रोकथाम गर्नका लागि विद्यालय निरीक्षणको अवधारणा जगाउनु पर्ने ठानी जिल्ला शिक्षा निरीक्षकलाई निरीक्षणको आधुनिक प्रशिक्षण दिने व्यवस्था गरियो । परन्तु विद्यालय व्यवस्थापनका कामको भीडले गर्दा निरीक्षकले प्रशिक्षण पाए अनुसार निरीक्षण गर्न सकेनन् । अनि २०२७ सालसम्म निरीक्षण अवधारणाकै रुपमा सिमित रहन पुग्यो । २०१८ सालमा नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरिए अनुसार १४ अञ्चलमा माध्यमिक विद्यालय हेर्न अञ्चल शिक्षा अधिकारीको कार्यालय स्थापना गरियो । तत्कालिन २८ वटा जिल्ला निरीक्षक कार्यालय खारेज गरी ७५ जिल्लामा ब्लक डेभलोपमेन्ट

अफिसर बि.डि.ओ. कार्यालय अन्तर्गत रहने गरी शिक्षा उप-निरीक्षकहरु नियुक्त गरियो । १४ अञ्चल शिक्षा अधिकारीको व्यवस्था २०२७ सालमा खारेज गरियो । २८ जिल्लाको बि.डि.ओ.लाई समेत खारेज गरि २९ जिल्लामा रा.प.तृतीय श्रेणीका जि.शि.अ. र ४६ जिल्लामा रा.प.अनं.प्रथम श्रेणीका कर्मचारी रहने गरी जिल्ला शिक्षा निरीक्षक कार्यालय नै कायम रहे ( अधिकारी, २०६२) ।

२०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजनाले विद्यालय सुपरिवेक्षणलाई एउटा शिक्षा प्रणालीको अभिन्न अङ्गका रूपमा स्वीकार गऱ्यो । प्रशासनिक दृष्टिले गुज्रिरहेको निरीक्षण प्रणालीलाई प्राविधिक बनाउने तर्फ प्रयास २०२८ सालको रा.शि.प.यो.ले अगाल्यो । त्यसबेला माध्यमिक विद्यालय निरीक्षक, निम्न माध्यमिक विद्यालय निरीक्षक र प्राथमिक विद्यालय निरीक्षक रहने व्यवस्था थियो । निरीक्षक धेरै शक्तिशाली थियो । विद्यालयको भौतिक साधन, शिक्षकहरुको पर्याप्तता र उपयोगको निरीक्षण गर्ने र पढाईको स्तर मूल्यांकन गर्ने प्रमुख दुई वटा प्रकार तोकिएको यस रा.शि.प.यो.२०२८-२०३२ लागू भएपछि ७५ वटै जिल्ला शिक्षा अधिकारी र प्रत्येक जिल्लाको विद्यालयको संख्याका आधारमा निश्चित संख्यामा प्रा.वि.नि.,नि.मा.वि.नि. र मा.वि.नि. रहने व्यवस्था भयो । २०३० सालमा नि.मा.वि.नि. हटाई मा.वि.नि.र प्रा.वि.नि.मात्र रहने व्यवस्था गरियो । वास्तवमा सैद्धान्तिक तथा व्यवहारिक रुपमा सुपरिवेक्षण कार्यको व्यवस्थित प्रारम्भ चाहिँ रा.शि.प.यो.बाट भएको हो । २०२८ साल पछि नै विद्यालय निरीक्षक अनुपात तोकिनुका साथै पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण केन्द्रको स्थापना भई निरीक्षण सम्बन्धी कामलाई तीब्रता दिइयो । रा.शि.प.यो.ले तोकेको विद्यालय निरीक्षक अनुपातमा उपत्यका र तराईमा प्राथमिक, निम्न माध्यमिक र माध्यमिकमा क्रमशः १:३०, १:१५ र १:१० तथा पहाडमा १:२०, १:१० र १:७ एवं माध्यमिक विद्यालयमा एकजना व्यावसायिक र एक जना साधारण निरीक्षक रहने व्यवस्था थियो । २०३७ सालमा नेपालको शैक्षिक निरीक्षणको विषयमा यूनेस्कोको आइआइपी भन्ने संस्थाले पनि अध्ययन गरी प्रतिवेदन पेश गरेको थियो । २०३७ सालमै निरीक्षण एकाइ परियोजना समेत लागू भयो । तर केन्द्रीय स्तरका शिक्षा प्रशासकहरुको उदासिनता, शिक्षा कार्यालय एवं विद्यालयहरुबीच समन्वयको कमी तथा निरीक्षकको विद्यालय शिक्षामा व्यावसायिक दक्षताको कमीको कारण उक्त परियोजनाले २०४०/०४१ भन्दा पछि निरन्तरता पाउन सकेन । रा.शि.प.यो.२०२८ ले निरीक्षण प्रक्रियालाई

व्यवस्थित बनाउन खोजेको देखिन्छ । व्यवहारमा जे जस्तो रुपमा लागू भए पनि योजनाको दस्तावेजले निरीक्षण प्रणालीलाई निकै सुदृढ बनाउने प्रयास गरेको पाइन्छ । यसले तहगत र व्यावसायिक निरीक्षणको व्यवस्था गर्नुका साथै निरीक्षण कार्य प्रक्रियालाई समते स्पष्ट पार्ने व्यवस्था गरेको पाइन्छ । वि.सं. २०३८ सालदेखि सुदुर पश्चिमाञ्चल विकास क्षेत्रको डोटी जिल्लाबाट ग्रामीण विकासका निमित्त शिक्षा परियोजना (सेती प्रोजेक्ट) यूनेस्कोको सहयोगमा सञ्चालन गरिएको र उक्त परियोजनाले १०/१२ वटा विद्यालयलाई एउटा स्रोतकेन्द्रको रुपमा खडा गरी ती केन्द्रहरुबाट स्याटेलाइट स्कूलहरुमा बराबर निरीक्षण गर्ने परिपाटीको शरुवात गऱ्यो । वि.सं. २०४१ सालदेखि प्राथमिक शिक्षा परियोजना, २०४३ सालमा विज्ञान शिक्षा परियोजना र माध्यमिक शिक्षा परियोजना एवं २०४५ देखि आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाहरुले पनि निरीक्षण प्रक्रियालाई सुदृढ बनाउन विभिन्न प्रयास गरेका छन् । पटक पटकको आन्दोलन तथा २०४६ सालको जनआन्दोलन र त्यसबाट पुनःस्थापित प्रजातन्त्र पश्चात मुलुकले नयाँ आयाम लियो । विगतको निरीक्षण प्रणालीले हाम्रा शिक्षककहरूको आवश्यकता र शिक्षाको गुणस्तरलाई पूरा गर्न सकेन (राष्ट्रिय शिक्षा आयोग, २०४९) । त्यसैले राष्ट्रिय शिक्षा आयोग, २०४९ ले शिक्षा मन्त्रालयको संरचनामा परिवर्तन गरी निरीक्षकहरूको सङ्ख्या बढाउन सिफारिस गऱ्यो । यसलाई लागू गर्ने सन्दर्भमा धेरै विद्यालय निरीक्षकहरू नियुक्त भए । सोही समयमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना पनि देशका केही जिल्लाहरूमा लागू भैरहेको थियो । तिनीहरूको काम पनि विद्यालय सुपरिवेक्षण गर्नु नै थियो ।

रा.शि.आ., २०४९ को सिफारिशको आधारमा विद्यालय निरीक्षण बढी गुणात्मक बनाउने उद्देश्यले अधिकृतस्तरको मात्र निरीक्षक रहने व्यवस्था गरेको छ । यसरी २०५० साउनदेखि जिल्ला निरीक्षणको अनुपात करिव १:७ तथा निरीक्षक र विद्यालयको अनुपात १:४० कायम गरेको देखिन्छ । आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम पनि सन् २००४ मा समाप्त भई "सबैका लागि शिक्षा" (EFA, 2005-2009) देशभर लागू भयो । यसले पनि आ.प्रा.शि.प.का पालादेखि लागू गरिएको स्रोतव्यक्तिको अवधारणालाई निरन्तरता दिइएको छ । विद्यालय सङ्ख्याको आधारमा समूह विद्यालयहरू (Cluster) बनाई हरेक क्लस्टरमा एकजना स्रोतव्यक्ति रहने व्यवस्था गरिएको थियो । सवैका लागि शिक्षा, माध्यमिक शिक्षा परियोजना, शिक्षक सुधार योजना जस्ता परियोजनाहरूको एकीकृत रूपमा विद्यालय सुधार कार्यक्रम लागू भएको छ ।

यसले पनि सवैका लागि शिक्षा कार्यक्रमको निरन्तरता जस्तै देशभर १०९१ ओटा यस्ता क्लस्टरहरूमा स्रोतव्यक्ति रहने व्यवस्था गरेको छ । माध्यमिक शिक्षा सहयोग कार्यक्रम (२००२-२००७) ले विद्यालयको प्रभावकारी सुपरिवेक्षणका लागि विद्यालय निरीक्षणालयको स्थापना गरी केही सकारात्मक कार्य गरे तापनि त्यसबाट पनि ठोस सहयोग भने हुन सकेन । हाल विद्यालय संख्याको आधारमा विद्यालय निरीक्षकका दरबन्दी अत्यन्त न्यून रहेको अवस्था छ । हाल ७५ जिल्ला शिक्षा कार्यालयहरुमा जम्मा ४१७ जना विद्यालय निरीक्षकहरु कार्यरत रहेका छन् भने विद्यालय संख्या ३२५१६ पुगिसकेको अवस्था छ । सर्सर्ती हेर्दा एकजना विद्यालय निरीक्षकको भागमा ७८ वटा विद्यालय पर्न आउँछ । यो बृहत विद्यालय संख्या, सिमित विद्यालय निरीक्षक र वर्तमान शिक्षा ऐन नियमले तोकेको विद्यालय निरीक्षकको काम कर्तव्य र अधिकारको बीचमा ठूलो खाडल पैदा गरेको छ । त्यसकारण हाल लागू भएको विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत अनुगमन तथा मूल्यांकनको मुख्य उद्धेश्य वि.क्षे.सु.यो.ले निर्दिष्ट गरेका प्रत्येक सेवा प्रवाहका तहका लक्ष्य तथा उद्धेश्य अनुरुपका उपलब्धीहरु पत्ता लगाई ती सूचनाका आधारमा निर्णय प्रक्रियालाई सहयोग गरी सेवा प्रवाहमा सुधार गर्ने मुख्य उद्धेश्यलाई पूरा गर्न तीनवटा कार्यहरु : ऐन नियम अनुसार कार्य भए नभएको लेखाजोखा गर्ने, लक्ष्य तथा उद्धेश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्धेश्य तथा लक्ष्यमा भएको रणनीतिगत तथा नीतिगत प्रभावको मूल्यांकन समेत गर्नका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र, एजुकेशन रिभ्यू अफिस (ERO) खोली विद्यालय सुपरीवेक्षण कार्यलाई अझ प्रभावकारी तुल्याउने सोच लिएको छ (शिक्षा मन्त्रालय, २०६६) । यसै सिलसिलामा शिक्षा मन्त्रालयमा एउटा छुट्टै एकाईको रुपमा एजुकेशन रिभ्यू अफिस (ERO) को स्थापना भई विभिन्न कार्यक्रम सञ्चालनमा आइरहेको छ ।

सम्पूर्ण शैक्षिक क्रियाकलापहरूको बारेमा अध्ययन अवलोकन गर्नु, जाँचबुझ गर्नु र सही निकास खोज्नु, कुशल एवम् सही नेतृत्व निर्माण गर्नु, पथ प्रदर्शन गर्नु भनौ सम्पूर्ण शैक्षिक पक्षको विकास, बिस्तार र सुधार गर्ने कार्य शैक्षिक सुपरीवेक्षणले गर्दछ । सुपरीवेक्षणको प्रमुख उद्देश्य शिक्षण सिकाइ कार्यमा सुधार ल्याउनु हो भन्न सकिन्छ । शिक्षकले के पढाउँदै छ, कसरी पढाउँदै छ, उसको अध्यापनले विद्यार्थीमा केकस्तो प्रभाव पारेको छ, शिक्षण सिकाइ प्रक्रियामा के कस्तो समस्याहरू आएको छ, यसको गहन अध्ययन, अवलोकन गर्ने र सोको समाधान गर्नु नै शैक्षिक सुपरिवेक्षण हो । गुडका अनुसार निरीक्षणले मूलतः तीन ओटा क्रियाकलापलाई बोध

गराउँछ- पहिलो, शिक्षण सुधारका निमित्त शिक्षक तथा अन्य सम्बन्धित व्यक्तिहरूलाई नेतृत्व प्रदान गर्नु, दोस्रो, शिक्षकहरूको व्यावसायिक बृद्धि तथा विकासलाई अभिप्रेरित गर्नु र तेस्रो शैक्षणिक उद्देश्य, सामग्री तथा शिक्षण विधिको संशोधन, छनोट र परिस्कार गर्नु हो, (काफ्ले र अन्य २०६१) ।

विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिले शिक्षकहरूको ज्ञान, सीप र पेसाप्रतिको प्रतिबद्धतामा महत्वपूर्ण भूमिका खेल्छन् । एउटा दक्ष, जान्ने, कर्तव्यपरायण, सक्रिय र नियमित सुपरीवेक्षण गर्ने सुपरीवेक्षकले शिक्षकलाई प्राविधिकरूपले सहयोग गर्न सक्ने हुन आवश्यक छ । अहिलेको परिवेशमा पाठ्यक्रमिक गतिविधिका लागि सुपरीवेक्षकलाई एउटा महत्वपूर्ण पक्षकोरूपमा स्वीकार गरिएको छ । शिक्षा मन्त्रालय र मातहतका संस्थाको संस्थागत क्षमता पहिचान गर्ने सम्वन्धमा (विष्ट, १९७९), को एक अध्ययनले ४५ प्रतिशत निरीक्षक निरीक्षणमा कहिल्यै विद्यालय नपुग्ने गरेको, कुलमा २१ प्रतिशत निरीक्षक मात्रै बर्षमा एकपटक विद्यालयमा जाने गरेको तथा २ प्रतिशतले मात्रै बर्षको ६ पटक निरीक्षण गर्ने गरेको तथ्य औल्याएका छन् (अधिकारी, २०६४) ।

माथि उल्लिखित विभिन्न समयमा विभिन्न पद, नाम र कार्य विवरण तयार भई विद्यालय सुपरिवेक्षण भए तापनि ती सवैको एउटै उद्देश्य भनेको विद्यालयको शैक्षिक स्थितिलाई सुधार गर्नु नै थियो र छ । यस अवस्थामा नेपालका विभिन्न जिल्लाहरूमा विभिन्न तरिकाले विद्यालयको निरीक्षण तथा सुपरीवेक्षण भएको पाइन्छ ।

## १.२ समस्याको कथन

शिक्षण सिकाइ कार्यलाई प्रभावकारी वनाउन शैक्षिक गतिविधिलाई सुनिश्चित ढंगबाट अधि बढाई अपेक्षित उपलब्धि हसिल गर्नका लागि शैक्षिक सुपरीवेक्षणको गहनतम भूमिका हुन्छ । शिक्षकलाई क्रियाशील वनाउन, विद्यार्थीहरुको पढाई प्रतिको चाख वढाउन, तमाम् शैक्षिक वातावरणमा सकारात्मक परिर्वतन ल्याउन सुपरीवेक्षणले महत्वपूर्ण भूमिका खेल्दछ । यसका लागि आधुनिक सुपरीवेक्षणको ध्येय पनि शिक्षकलाई पेशागत सहयोग समर्थन र प्रोत्साहान गरी अपेक्षित सधार र विकास गर्नु हो । तर नेपालको सर्न्दभमा धेरै ठाउँमा सुपरीवेक्षणको जिम्मेवारी पाएका व्यक्तिमा निहित सेवाको विशिष्टता र प्राविधिक पक्षले सम्वन्धित क्षेत्रमा प्रभाव पारी

सुधार गर्न सकिरहेको अवस्था छैन । देशको परिवर्तित शासन पद्धति, शिक्षा नीतिमा फेरवदल आदिको कारणले सुपरीवेक्षण शैली र पद्धतिनै अल्मलिएको अवस्था छ । विद्यालय सुपरीवेक्षण नियमित हुन नसक्नु यदाकदा भएपनि सम्वन्धित सुपरीवेक्षकले सुझाब सल्लाह र निर्देशनको व्यवस्था गर्नुले हालसम्म देशमा शैक्षिक सुपरीवेक्षणको समस्या यथावत रहेको पाईन्छ ।

यस्तो महत्वपूर्ण विषयमा अध्ययन न्यून भएको हुँदा यस जिल्लाको सुपरीवेक्षणको अवस्था कस्तो छ भनी अनुशन्धान गर्न यस शोधकर्ताले आवश्यक ठानेकाले विद्यालयको सुपरीवेक्षणको अवस्था पहिचान गरी विद्यालय सुपरीवेक्षणमा देखिएका समस्याहरु पत्ता लगाउँन र ती समस्याहरुको निरीक्षणका उपायहर पत्ता लगाई तिनको समाधान गर्ने तरिकाको वारेमा सरोकारवालाहरु सवैलाई जानकारी दिन आवश्यक भएकोले यो अध्ययन गरिएको हो ।

शिक्षण सिकाइको अर्थ मानव प्रतिभाको प्रस्फुटन र नेतृत्व निर्माण नै हो । यसका लागि कक्षा कोठाको जीवन्त र सार्थक अन्तरक्रियाको लगाम शिक्षकको हातमा हुन्छ । तर सारा शैक्षिक परिवर्तन र सुधारको लगाम समात्ने शिक्षक व्यवसायिकरुपमा दक्ष, योग्य, उच्च मनोवलयुक्त, उत्प्रेरित र इमान्दारी नभए शैक्षिक उपलब्धि शून्य हुन्छ । तसर्थ शिक्षाको समस्यामा साथ दिएर शिक्षण सिकाइमा सुधार गर्न विद्यालय सुपरीवेक्षणको व्यवस्था गरिएको हो । यसले सिक्षण सिकाइको समस्या पहिचान गर्छ । सामूहिक प्रयासमा समस्या समाधान गर्दछ र शैक्षिक सुधारको गन्तव्य पुऱ्याई छाड्छ । स्थानीय स्वायत्त शासनको मर्मअनुसार विद्यालय सञ्चालन, रेखदेख, निरीक्षण र सुपरीवेक्षण गर्ने जिम्मा स्थानीय निकायलाई दिएको पाईन्छ । स्थानीय निकायबाट गरिने सुपरीवेक्षणनै शैक्षिक गुणस्तर वृद्धिका लागि उत्कृष्ट निरीक्षण हो । यस्तो महत्वपूर्ण विषयमा अध्ययन न्यून भएको हुँदा त्यस जिल्लाको सुपरीवेक्षण अवस्था कस्तो छ भनी अनुसन्धान गर्न यस शोधकर्ताले आवश्यक ठानेकोले विद्यालयको सुपरीवेक्षणको अवस्था पहिचान गरी विद्यालय सुपरीवेक्षणमा देखिएका समस्याहरू पत्ता लगाउन र ती समस्याहरूको निराकरणका उपायहरू पत्तालगाई तीनको समाधान गर्ने तरिकाको बारेमा सरोकारवालाहरू सवैलाई जानकारी दिन आवश्यक भएकाले यो अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

विद्यालय निरीक्षण एउटा व्यावसायिक , प्राविधिक र पेशागत कार्य हो । पेशागत कार्य भएका कारण निरीक्षकको पेशागत विकास नभएमा निरीक्षण कार्य नै सङ्कटमा पर्न सक्छ । अर्कातर्फ कक्षा शिक्षण पनि एउटा पेशा नै हो । निरीक्षक भनेका शिक्षकका पनि शिक्षक हुन् । शिक्षकको पेशागत विकास गर्ने दायित्व निरीक्षकको काधमा आउँछ । यदि निरीक्षकको पेशागत विकास भएन भने निरीक्षण कार्य नै संकटमा पर्दछ । अर्कोतर्फ शिक्षणकार्य पनि एउटा पेशा नै हो, निरीक्षक भनेको शिक्षकका पनि शिक्षक हुन् । शिक्षकको पेशागत विकास गने दायित्व निरीक्षकको काधमा छ । यदि निरीक्षकको पेशागत विकास भएन भने शिक्षकको पेशागत विकासमा असम्भवप्रायः नै छ । निरीक्षकका समस्त गुणहरु मध्ये पेशागत र व्यावसायिक गुणलाई सर्वाधिक महत्वका साथ हेरिन्छ । विद्यालय, शिक्षक तथा प्रधानाध्यापकलाई परेका समस्याहरूको समाधान गर्ने, विद्यालय व्यवस्थापनको सुधार गर्ने र शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने जस्ता कार्यहरूलाई नियमित शैक्षिक सुपरीवेक्षणमार्फत सम्पन्न गर्न संघीय नयाँ संरचना अनुसार नगर शिक्षा शाखाको व्यवस्था गरिएको छ । तर नयाँ संघीय संरचना अनुसार विद्यालयको सुपरीवेक्षणको जिम्मेवारी गाउँशिक्षा शाखा वा नगर शिक्षा शाखाले पएका छन् । यसरी शैक्षिक सुपरीवेक्षणको जिम्मेवारी पाएको गाउँशिक्षा शाखा र नगरशिक्षा शाखाले कसरी शैक्षिक सुपरीवेक्षण गरिरहेको छ, यसको प्रभाव कस्तो हन्छ । गाउँशिक्षा शाखा र नगरशिक्षा शाखा कसरी कुशल शैक्षिक सुपरीवेक्षकको भूमिका निर्वाह गर्न सक्छन् । भन्ने जस्ता कुराहरूको सत्य तथ्य पत्ता लगाउनु अनुसन्धानको औचित्य रहेको छ । विद्यालयमा देखिएका समस्याहरुको पहिचान गर्न र यसको समाधान गरी विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धि गर्न यस अध्ययनले प्रधानाध्यापकलाई सहयोग पुऱ्याउँने छ । विद्यालय व्यवस्थापन समितिलाई विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षणको आवश्यताको महसुस हुनेछ । उपयुक्त शैक्षिक समाग्रीहरुको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलापमा प्रभावकारीता ल्याउन यस अध्ययनले शिक्षकलाई मद्दत पुग्नेछ ।  यस अनुसन्धानबाट शैक्षिक सुपरीवेक्षण सुधार गर्न र प्रभावकारी बनाउन सहयोग प्राप्त हुनुका साथै कयौं शैक्षिक समस्याहरू समाधान र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न समेत फाइदा पुग्नेछ ।

यी उपायहरू नीति निर्माතादेखि लिएर शिक्षा अनुसन्धानकर्ता, शिक्षाविद्, अभिभावक तथा विद्यालयसँग सम्बन्धित सबै सरोकारवालाहरू खासगरी विद्यालय, समुदाय, विद्यार्थी, शिक्षक र थप अनुसन्धान गर्नेहरूका लागि उपयोगी हुने भएकाले यो अध्ययनको औचित्य रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार छन् :

१. विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षणको अवस्था पहिचान गर्ने,

३. विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षण गर्दा देखिएका समस्याहरू पत्ता लगाउने,

४. सुपरीवेक्षण गर्दा देखिएका समस्याहरू सामाधनका उपायहरु सुझाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

माथिका उद्देश्यहरू पुरा गर्नका लागि निम्न लिखित अनुसन्धानात्मक प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१. विद्यालयमा शिक्षा शिक्षण सिकाइ कार्यमा सुपरीवेक्षणको पृष्ठभूमि कस्तो छ ?

२. विद्यालयको शिक्षण शिक्षा सिकाइ कार्यमा वर्तमान सुपरीवेक्षण अवस्था कस्तो छ ?

३. विद्यालयको शिक्षण सिकाइ कार्यमा सुपरीवेक्षण प्रभावकारी बनाउन खेल्नु पर्ने भूमिकाहरू के हुन् ?

४. विद्यालय सुपरीवेक्षणले शैक्षिक क्षेत्रमा कस्तो सुधार ल्याएको छ ?

५. विद्यालयको सुपरीवेक्षणमा कस्ता समस्याहरू देखिएका छन् ?

६. विद्यालयको सुपरीवेक्षणमा देखिएका समस्याहरू समाधानका उपायहरू के के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

अध्ययन अनुसन्धानमा जति धेरै क्षेत्रलाई समेट्न सक्यो त्यसको विश्वसनीयता र वैधताको स्तर पनि त्यति नै उच्च रहन्छ तर सीमित स्रोत, साधन र समयका कारण त्यसलाई व्यापक बनाउन कठीन हुन्छ । यस अध्ययन अनुसन्धानको लागि गुणात्मक तथा परिणात्मक मिश्रित ढाँचाको प्रयोग गरिएको छ । समय, साधन र स्रोतहरुको सीमितताको कारणले गर्दा झापा

जिल्लाको सुदुर पुर्व दक्षिणमा पर्ने भद्रपुर नगरपालिकाको नगर शिक्षा शाखा अर्न्तगत ६ वटा विद्यालयहरुमा (तीन वटा आधारभुत विद्यालयहरु क्रमशः महेशपुर आधारभुत विद्यालय, शारदा आधारभुत विद्यालय र पृथ्वी आधारभुत विद्यालय र तीन वटा माद्यामिक विद्यालयहरु क्रमशः सरस्वती मा.वि., चन्द्रभानु ज्योति मा.वि., भद्रपुर मा.वि.) मा केन्द्रित रही शैक्षिक वर्ष २०७५ मा भद्रपुर नगरपालिका नगर शिक्षा शाखा प्रमुख एक जना, विद्यालयका प्र.अ.६ जना, व्यवस्थापन समितिका अध्यक्ष ६जना, अविभावकहररु मध्येबाट ६ जना र प्रत्येक विद्यालयमा अध्ययापन गराउँने शिक्षकहरु २ जना, गरी जम्मा ३१ जनालाई यस अध्ययनको नमूनामको रुपमा छनोट गरिएको छ । यस अध्ययनमा खास गरी वर्तमान शिक्षा ऐन नियम, दस्तावेज, सरकारी परिपत्र एवं शिक्षा मन्त्रालय अन्तर्गतका निकायहरुको नीति नियमको विश्लेषण तथा शिक्षक, विद्यार्थी र अभिभावकहरु समेतको संलग्नतामा विद्यालय शिक्षा शिक्षण सिकाइको अवस्था, सुपरीवेक्षकले अवलम्बन गरेको सुपरीवेक्षणीय शैली, क्रियाकलाप, सुपरीवेक्षकले भोगेको समस्याहरूका बारेमा यो अध्ययन केन्द्रित गरिएको छ । झापा जिल्लाको भद्रपुर न.पा.अर्न्तगतका ६ वटा विद्यालयालाई मात्र आधार बनाई गरिएको यस अध्ययनलाई अन्यत्र सामान्यीकरण गर्न सकिन्न ।

## १.७ प्रयोग भएका पारिभाषिक तथा प्राविधिक शव्दहरु

| | | |
|---|---|---|
| विद्यालय निरीक्षक | : | जिल्ला शिक्षा कार्यालयमा रहने निजामती सेवा अन्तर्गत शिक्षा सेवाका राजपत्रांकित तृतीय श्रेणीका कर्मचारी जो विद्यालय तहको शैक्षिक गतिविधिमा प्रत्यक्ष संलग्न रहने व्यक्ति |
| शैक्षिक सुपरिवेक्षण | : | शिक्षा तथा शैक्षिक क्षेत्रको गहनतम अध्ययन |
| गुणस्तरीय शिक्षा | : | जीवनलाई सहज र सरल बनाउने व्यवहारिक शिक्षा |
| शैक्षिक सामग्री | : | शैक्षिक क्रियाकलापलाई सरल, रुचीकर, बनाइ पठनपाठन गर्न गराउन सहयोग गर्ने साधन |
| शिक्षण विधि | : | शैक्षणिक कार्यलाई प्रभावकारी बनाउन अपनाइने तरिका |
| पाठ्यक्रम | : | शैक्षिक उद्धेश्य प्राप्तिका लागि बनाइएको बृहत कार्यक्रम |
| पाठ्यपुस्तक | : | पाठ्यक्रमले निर्दिष्ट गरेका उद्धेश्यहरु परिपूर्ती हुने गरी पठनपाठनका लागि तयार गरिएको पुस्तक |

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

यो शोधकार्यलाई तथ्यपूर्ण निचोडमा पुऱ्याउँन पूर्ण सर्वमान्य सिद्वान्तको आधार लिनु पर्ने हुन्छ । स्वीकृत तथ्य वा सिद्वान्तमा आधारित कुनै पनि नयाँ तथ्यहरू विश्वासनीय र वास्तविक हुन्छन् । प्रस्तुत शोधकार्यका सन्र्दभमा निम्नलिखित सिद्धान्तहरूबाट आधार मानेर अध्ययन गरिएको छ ।

टेलर (सन् १८५६) ले प्रतिपादन गरेको वैज्ञानिक व्यवस्थापनको सिद्वान्त अनुसार मानिसलाई गराउन खोजिएको काम र उद्देश्य पूरा गर्न उनीहरूले राम्रो र किफायती ढंगले सम्पादन गर्न सक्छन् । त्यसलाई व्यवस्थापकले ध्यान दिएर आफ्ना कर्मचारीलाई त्यही अनुसार कार्य लगाउनु पर्दछ । परम्परागतरूपमा चल्दै आएको भूल र प्रयत्नको प्रशासनिक व्यवस्थापनलाई सिलसिलावद्ध, वैज्ञानिक र तर्कसँगत वनाउने अभियानमा यो सिद्वान्त प्रतिपादन भएको हो । शिक्षण सिकाइमा उत्तम विधिहरु प्रतिपादन गर्नुपर्दछ र निरीक्षकले ति विधिहरु बमोजिम शिक्षकहरुले कक्षा शिक्षण गरे नगरेको खोजी गर्नुपर्दछ भन्ने यस सिद्धान्तको मुख्य धारणा हो । यस वैज्ञानिक विधिअन्तर्गत अवलोकन, मूल्याङ्कन, परीक्षण र निचोड तत्वहरू समावेश गरेका थिए । कामदारको परम्परागत कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउने, कामदारलाई आफैले काम छान्ने परम्परा छुट्याएर वैज्ञानिक ढङ्गले कामदार छनोट गर्ने र छानिएका कामदारलाई तालिम दिने, वैज्ञानिक ढङ्गबाट काम हुने गरी व्यवस्थापक र कामदारवीच आत्मीय सहयोग, सम्बन्ध र सामञ्जस्यता स्थापित गर्ने, कामदारलाई कार्यप्रति अधिकतम उपलब्धि हासिल गर्ने ढंगले परिचालन गर्ने, वैज्ञानिक ढाँचाले ज्याला निर्धारण गर्ने र कामदार र व्यवस्थापकवीच स्पष्ट कार्य विभाजन गर्नुपर्ने सिद्धान्त प्रतिपादन गरे । यसै गरी टेलरले समय, कार्य विवरण र कामको गति कामदारको थकावटलाई ख्याल गरी कामलाई चुस्त र वैज्ञानिक बनाउने समय सिद्धान्त समेत प्रतिपादन गरेका थिए (भट्ट मा उदृत, २०५८) ।

हर्जवर्ग (१९२१) द्वारा प्रतिपादित उत्प्रेरक-आरोग्य सिद्धान्त (Motivation-Hygiene Theory) ले कुनै पनि काकमदारलाई आफ्नो कार्य वातावरणमा उत्प्रेरित गर्ने तत्वहरु दुई रुपमा रहेका हुन्छन् । उत्प्रेरित गर्ने तत्वलाई उत्प्रेरक तत्व (Motivation factors) को रुपमा हेरिएको छ भने

कार्यस्थलको वातावरणलाई आरोग्य तत्व (Hygiene factors) को रुपमा लिइएको छ । सबै तत्वहरुले कर्मचारी कामदारलाई आफ्नो काम प्रति उत्प्रेरित गर्दैनन् बरु अनुत्प्रेरित हुनबाट जोगाउन भने सक्छन् । उत्प्रेरक तत्वहरुमा उपलब्धी, उन्नति, विकास, चुनौतिपूर्ण काम, पहिचान, उत्तरदायित्व पर्दछन् जुन उत्कृष्ट कार्यसम्पादनको लागि उत्प्रेरक तत्वहरु हुन् । आरोग्य तत्वहरुमा संस्थाको नीति, सुपरिवेक्षणको गुण, कार्य वातावरण, तलब भत्ता, कर्मचारी बीचको सम्बन्ध पर्दछन् जुन असन्तुष्टिलाई रोक्न आवश्यक छन् । हर्जवर्गद्वारा प्रतिपादन गरिएको प्रस्तुत सिद्वान्तले व्यक्तिको उत्प्रेरणालाई कायम राख्ने तत्वलाई छुट्याएको मात्र छैन कि कार्यस्थलमा उत्प्रेरणाको लागि न्यूनतम संस्थागत बन्दोबस्त, नियम, कार्यवातावरण एवं तलब सुविधाको आवश्यकता पनि पर्छ भन्ने कुरालाई स्वीकारेका छन् (खनाल मा उदृत, २०६६) ।

ग्रीलवेथ (सन् १८६८) को सिद्धान्त अनुसार कामदारलाई थकावट नहुने गरी काममा लगाउनु पर्ने उल्लेख गरेका छन् । कुनै काम गर्दा भौतिक चाललाई घटाएमा थकाई कम लाग्ने भएकाले यसबाट प्रभावकारी कर्मचारी परिचालन गर्न सकिने धारणा अगाडी सारेका छन् । यस सिद्धान्त अनुसार समय र गति अध्ययन (Time & Motion study) र कार्य सरलीकरण (Job Simplication) का सम्बन्धमा कामदारहरुको कल्याणलाई विशेष रुचिका साथ हेरिएको छ । कामदारहरुले एक्लै बसेर काम गर्नुभन्दा समूहमा बसी काम गर्दा उनीहरुको हौसला बढ्ने र उत्पादकत्व पनि बढ्ने हुन्छ । त्यस्तै हेनरी गाण्ट (सन् १८६१) ले कामदारलाई दिने प्रोत्साहन प्रणालीमा सुधार ल्याउन सकिएमा निर्धारित समय अगावै काम सक्ने मात्र हैन स्तरीय हुने सिद्धान्त प्रतिपादन गरे । तोकिएको समयमा एउटा कामदारले के कति काम गर्नुपर्दछ भन्ने बारे उनले गाण्ट चार्टको आविष्कार गरे । यसैगरी तलब निर्धारणका सिलसिलामा उनले न्यूनतम ज्याला दिइनु पर्ने विचार व्यक्त गरे । उनले सुपरीवेक्षकलाई समेत थप आर्थिक सुविधा दिनुपर्ने सल्लाह दिए । यस सिद्धान्तले एकातर्फ कामदारहरुको न्यूनतम ज्याला निर्धारण गर्न सरल तुल्यायो भने अर्कोतर्फ कम्पनी उद्योगले थप उत्पादन गरी मुनाफा कमाएमा कामदारलाई बोनसको थप आकर्षण दिनुपर्छ भन्ने मान्यता अघि सारेको पाइन्छ (भट्ट मा उदृत, २०५५) ।

त्यसैले विद्यालयको सुपरीवेक्षण पनि वैज्ञानिकढङ्गबाट भएमा शैक्षिक उद्देश्य पूरा हुन सक्छ र सवैले राम्रोसँग उद्देश्यमूलक ढङ्गबाट कार्य गर्न सक्छन् भन्ने कुरालाई मध्यनजर गर्दै सामुदायिक

विद्यालयहरूमा सुपरीवेक्षणको स्थितिको सम्वन्धमा अध्ययन गर्नका लागि यी सिद्वान्तहरुलाई उपभोग गरिएको छ, जसमा अवलोकन, मूल्याङ्कन, सेवा सुविधा, सामुहिक नेतृत्व र निचोड जस्ता कुराहरू पर्दछन जसको विस्तृत उपयोग शोधकार्यमा गरेको छु ।

## २.२ सम्वन्धित साहित्यको पुनरावलोकन

त्रिभुवन विश्वविद्यालय अन्तर्गत योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तरतह द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि तयार गरिएको शोधपत्र "विद्यालयमा शिक्षामा आधारित सुपरी वेक्षण" सँग सम्बन्धित साहित्यको पुनरावलोकन गरिएको छ । यसका लागि निम्नलिखित साहित्यहरूको विश्लेषण गरिएको छ ।

(शर्मा, २०६९) का अनुसार दिनप्रतिदिन बढ्दै गरेको विद्यालय सङ्ख्याले गर्दा जिल्ला सदरमुकामस्थित जिल्ला शिक्षा कार्यालयले विद्यालयहरूको रेखदेख तथा स्तरीय शैक्षिक निरीक्षण अनुगमन गरी शैक्षिक सुधारमा टेवा दिन सम्भव नभएर नै स्रोतकेन्द्रको अवधारणा ल्याइएको हो । शिक्षकहरूलाई शैक्षिक टेवा पुगोस्, शैक्षिक क्रियाकलापमा आइपरेका समस्याहरू समाधान गर्न सहयोग पुगोस् भन्ने अभिप्रायले शिक्षण अनुभव बटुलेका शिक्षकहरूबाट स्रोतव्यक्ति राख्ने व्यवस्था गरिएको छ । स्रोतव्यक्तिको प्रमुख कार्य नै शिक्षकहरूलाई पेसागत रूपमा शैक्षिक सेवा प्रदान गर्नु हो । त्यसो हुन सकेमा मात्र शैक्षिक क्षति कम हुनुका साथै गुणात्मक शिक्षामा अभिवृद्धि हुनसक्छ । स्रोतव्यक्तिले आफ्ना समूह विद्यालयका शिक्षकहरूको स्तर कस्तो छ, कुन कुन पक्षमा सहयोग गर्नुपर्ने हो भन्ने थाहा पाउनु जरुरी हुन्छ । साथै स्रोतव्यक्ति स्वयम् ती विषयहरूमा दक्ष हुनुपर्छ । दक्ष व्यक्तिबाट नै शिक्षकका समस्याहरू हल हुन सक्दछन् र शिक्षकहरूको कक्षा शिक्षण क्रियाकलापमा पेसागत सहयोगको अपेक्षा गर्न सकिन्छ । स्रोतव्यक्ति शैक्षिक कमजोरी भएका शिक्षकहरूका लागि पेसागत टेवा दिने व्यक्ति हो । त्यसैले उसले शिक्षकहरूका शैक्षिक कठिनाइहरू हटाइ उत्साह प्रदान गर्न सक्नुपर्दछ जसले गर्दा शिक्षकको शैक्षिक क्रियाकलापमा सुधार आई गुणात्मक शिक्षा दिन सकियोस् ।

सर्वप्रथम सुपरीवेक्षकले कक्षा अवलोकनको योजना बनाउनु पर्दछ । कक्षा अवलोकन कहिले गर्ने किन गर्ने वा कुन उद्देश्यले गर्ने, अवलोकनका क्रममा के कस्ता रणनीति वा प्रक्रियाको प्रयोग गर्ने, अवलोकनमा के-कस्ता विशेषज्ञलाई सहभागी वनाउने स्रोत साधनको कसरी प्रयोग गर्ने,

कुन खालको अवलोकन फारमको प्रयोग गर्ने, कुन विषयको कुन शिक्षकको कक्षा अवलोकन गर्ने अदि कुराहरुको स्पष्ट संकेत अवलोकन योजनामा गरिनु पर्दछ (अधिकारी मा उद्दृत, २०७४)

विद्यालय शिक्षा : समस्या र समाधान लेखमा शिक्षाको गुणस्तर उकास्न बेलाबेलामा पाठ्यक्रम-पाठ्यपुस्तकमा सुधार, तालिमको व्यवस्था, विद्यालय निरीक्षणको व्यवस्था तथा अन्य शैक्षिक तथा प्रशासनिक सहयोगहरु पनि उपलब्ध गराउने प्रयास गरिएको पाइन्छ तर पनि प्राथमिक शिक्षाको गुणस्त बढ्न सकेको छैन र निकट भविष्यमा यो बढ्छ भनेर भन्न सकिने ठाऊँ पनि छैन भन्दै यसको प्रमुख नौ वटा कारणहरु मध्ये सुपरीवेक्षणलाई निरीक्षकको जिम्मेवारी शीर्षकमा निरीक्षकको संख्या गएको पाँच बर्षभित्र निकै बृद्धि गरिएको छ । माध्यमिक विद्यालय निरीक्षकको सट्टा विद्यालय निरीक्षकको पद कायम भएको छ र एउटा निरीक्षकले प्राथमिकदेखि माध्यमिकसम्म हेर्ने अधिकार पनि पाएको छ । अझ आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागू भएका जिल्लामा त स्रोत व्यक्तिको पनि नियुक्ति भएको छ । निरीक्षकको संख्यामा यत्रो वृद्धि भएतापनि विद्यालय निरीक्षण  भने प्रायः शून्य छ ( १:८ पटक प्रति विद्यालय प्रति बर्ष, चिराग १९९६) क्षेत्र तोकेर निरीक्षक खटाइएको भए पनि निरीक्षक विद्यालय जाँदैनन् । उनहिरु के गर्छन् त ? पहिलो कुरा त उनीहरु जागीर खान्छन्, त्यसपछि के गर्छन् भन्ने कुरा यस कार्यपत्रको दायरा भित्र नपर्ला भनि उल्लेख गरेका छन् । कतिपय विद्यालयहरुले आफ्नो निरीक्षक चिनेको छैन । चिनेका विद्यालयहरुले पनि एक बर्षमा कति पटक निरीक्षकको परिवर्तन हुने हो, ठम्याउन सकिरहेका छैनन् । सुपरिवेक्षण हाम्रो शिक्षा पद्धतिमा किताबी अङ्क मात्र बनेको छ । यसमा जतिसुकै लगानी गरिएको भए तापनि विद्यालय निरीक्षकबाट केही पनि सहयोग प्राप्त गर्न सकेको छैन भनि समस्या औंल्याईं शिक्षण कार्यको अनुगमनको अभाव भएकोले नै यो समस्या उत्पन्न भएको हो भन्दै समाधानको उपाय समेत सुझाएका छन् (वाग्ले मा उदृत , २०५६) ।

शिक्षा नियमावली (२०५९) शिक्षा चौथो संशोधन नियमावली, २०६६ मा ३३ वटा परिच्छेदका १९५ वटा नियमहरूभित्र सुपरीवेक्षणसम्बन्धी व्यवस्था निम्नअनुसार भएको पाइन्छ ।

शिक्षा ऐनमा व्यवस्था भएका कानुनी कुराहरूलाई कार्यान्वयन पक्षमा ल्याउनका लागि शिक्षा नियमावलीमा महानिर्देशक, निर्देशक, जिल्ला शिक्षा अधिकारी तथा सुपरीवेक्षकका निमित्त सृजित

पद विद्यालय निरीक्षक समेतको विस्तृत रूपमा काम, कर्तव्य र अधिकार निर्धारण गरिएको छ । विद्यालय व्यवस्थापन समिति, गाउँ शिक्षा समिति, जिल्ला शिक्षा समिति तथा शिक्षक अभिभावक संघले खेल्नुपर्ने महत्वपूर्ण भूमिकासहित व्यवस्था गरिएको छ । शिक्षकको नियुक्तिदेखि उनीहरूका सेवा सुविधाहरू, परीक्षा प्रणाली, तालिम तथा प्रशिक्षणसम्बन्धी व्यवस्था, अतिरिक्त क्रियाकलाप, शिक्षक तथा विद्यार्थीहरूको आचारसंहिता, पुरस्कार र दण्डको समेत व्यवस्था गरिएको छ । विद्यालयको आन्तरिक प्रशासनदेखि शैक्षिक सुपरीवेक्षणको भूमिका निभाउने गरी कुशल प्रधानाध्यापकको नियुक्तिका साथै काम, कर्तव्य र अधिकार समेतको नियमावलीमा व्यवस्था गरिएको पाइन्छ ।

वाग्ले, (२०५६) का अनुसार जिल्ला शिक्षा कार्यालयको असक्षम व्यवस्थापन र निरीक्षकहरुको जिम्मेवारी बोधको अभाव यसका उपज हुन् । जिल्ला शिक्षा कायालयबाट सबै विद्यालयमा अनुगमन गर्न सकिने कुरामा विश्वस्त गर्न सकिन्न । त्यसैले स्थानीय तहमा नै अनुगमनको जिम्मेवारी दिइनु पर्दछ । हाल विद्यमान सञ्चालक समिति वा विद्यालय व्यवस्थापन समिति राजनैतिक कारणले उपयोगी हुन सकेका छैनन् । जबसम्म समुदायलाई विद्यालय रेखदेखको जिम्मा दिईदैंन तबसम्म शिक्षा सरकारी हुन्छ र जिम्मेवारी पनि सरकारी मान्ने प्रचलनमा परिवर्तन हुँदैन । यसको लागि प्रत्येक गा.वि.स. ⁄ न.पा.भित्र प्रत्येक वडामा निष्पक्ष रुपमा एउटा समिति गठन गरिनु पर्दछ, जसमा शिक्षा प्राप्त गरेका र शिक्षा प्रति रुची भएका मानिसहरुलाई सदस्य बनाइनु पर्दछ । विद्यालयको प्रशासनिक सुपरीवेक्षणको जिम्मा उक्त समितिलाई दिइनु पर्दछ । विद्यालय खुल्छ-खुल्दैन, विद्यार्थी आउँछन्-आउँदैनन् शिक्षकको उपस्थिति छ-छैन, शिक्षकले पढाउँछन्-पढाउँदैनन्, जस्ता अति साधारण तर महत्वपूर्ण कार्यको अनुगमन गर्ने, अभिलेख राख्ने र उक्त अभिलेखलाई जिल्लाको शिक्षा हेर्ने निकायमा पठाउने र त्यसमा तत्काल कार्यवाही गर्ने व्यवस्था हुने हो भने अहिले शिक्षामा देखा परेका ८० प्रतिशत विकृति समाधान हुने विश्वास लिन सकिन्छ ।

खनाल, (२००५) का अनुसार नेपालको वर्तमान सुपरीवेक्षणका समस्या एवम् समाधानको प्रकृति र बारम्बारता पत्ता लगाउनु, प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले सुपरीवेक्षणमा खेलेको भूमिका पत्ता लगाउनु, विद्यालय सुपरीवेक्षण प्रति प्र. अ. र शिक्षकहरूका धारणा पत्तालगाउनु, प्रभावकारी सुपरीवेक्षणका समस्याहरूको पहिचान गर्नु अध्ययनको उद्देश्य

रहेको पाइयो । विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिहरूले प्रायः गरेर प्रशासनिक निरीक्षण गर्ने गरेको तथा उनीहरूमा विषयवस्तुसम्बन्धी ज्ञान र सीपसमेत कमजोर रहेको, विद्यालय सुपरीवेक्षणको बारम्वारता न्यून रहनु र नियमले तोकेजति पनि निरीक्षण गर्ने नगरेको, विद्यालय सुपरीवेक्षण खास गरेर शिक्षकको उपस्थिति र भौतिक सुविधाको बारेमा मात्र केन्द्रित रहेको साथै सुपरीवेक्षकसँग कुनै राम्रो सुपरीवेक्षण योजना हुने नगरेको, वि.नि र स्रोतव्यक्तिको आवश्यकता छ भन्ने धारणा प्र.अ., व्यवस्थापन समितिका सदस्य र शिक्षकहरूको भूमिकालाई महत्वपूर्ण किसिमले उठाएका छन् ।

आ.प्रा.शि.प., (२०७१) का अनुसार आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, स्रोतकेन्द्र विकास एकाइ, सानोठिमी भक्तपूरको एउटा झलक हो । यसले शैक्षिक सूचक, योजना, संरचना, नियम कानुनको विश्लेषणात्मक अध्ययन गरेको छ । यो पुस्तक खास गरेर विद्यालय निरीक्षक तथा स्रोतव्यक्ति जो शिक्षाको सुपरीवेक्षण सम्बन्धी कार्यमा संलग्न छन् तिनीहरूका लागि तयार गरिएको हो । यसबाहेक यो पुस्तक शिक्षा क्षेत्रका अन्य कर्मचारी, शिक्षक, विद्यार्थी तथा अन्य व्यक्तिहरूका लागि पनि उपयोगी सामग्रीका रूपमा रहेको छ । यस पुस्तकले पाठकको ज्ञान तथा सीपलाई निखार्न सहयोग गर्न सक्छ । यस पुस्तकमा विद्यालय निरीक्षक र स्रोतव्यक्तिका काम, कर्तव्य र विद्यालय सुपरीवेक्षणका तरिकाहरू, यसको ऐतिहासिक अवस्था आदि समेटेकाले यस अध्ययनमा विद्यालय सुपरीवेक्षण कसरी गर्ने, कस्ता साधनहरू प्रयोग गर्ने आदि यकिन गर्नका लागि यो उपयोगी सामग्रीको रूपमा लिएको छ ।

अर्याल, (२०६२) अनुसार निरीक्षणलाई एउटा पद्धतिको रुपमा लिएको पाइन्छ । जसमा सहयोगात्मक, सुधारात्मक, समन्वयात्मक, अनुसन्धानात्मक र मनोवैज्ञानिक पद्धतिको निरीक्षणलाई लिइएको र परम्परागत चिन्तन अनुसार निरीक्षण मूल्यांकन, प्रशासन र निरीक्षण पद्धतिमा आधारित थियो । डु अर डाई मा आधारित निरीषणले काम गराउने मान्यता अनुरुप गर्‍यो गरेन, नगरेमा सजाय हुन्थ्यो, काम गर्नेको रुची र आवश्यकतामा ख्याल थिएन । शैक्षिक निरीक्षण शिक्षकको काम गराईमा सीमित थियो । विद्यालय निरीक्षक सिद्धान्ततः प्राविधिक कार्य हो । विद्यालयस्तरीय हरेक प्रयत्नहरुमा आईपर्ने चुनौतीहरुको ज्ञान तथा सीपयुक्त प्रक्रियाहरुबाट सामना गरी समग्रमा शिक्षामा  गुणस्तर र सक्षमता बृद्धिमा सघाउ पुर्‍याउनु नै निरीक्षणको प्राविधिक मर्म हो । सामुदायिक सचेतना र सहभागिता बालबालिकाको संलग्नता र शिक्षक,

व्यवस्थापकहरु सक्षम, जिम्मेवार र उत्तरदायित्वपूर्ण वातावरणको सृजनाबाट मात्र शिक्षाको उद्धेश्य प्राप्ति हुन सक्ने कुरा निर्विवाद छ । यसका लागि शिक्षा ऐन, नियम, नीति निर्देशनको नियमित र समभ्रुदारीपूर्ण कार्यान्वयन पक्ष एकातिर छ भने पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन पक्ष अर्कोतिर छ । पहिलो पक्ष प्रशासनिक र दोस्रो पक्ष प्राविधिक हो । दुवै पक्षको कार्यान्वयन तहमा आवश्यक निगरानी, लेखाजोखा र अप्ठेरोमा हातेमालो गर्नु विद्यालय निरीक्षकको कर्तव्य र जिम्मेवारीभित्र पर्दछ । शब्दावलीको प्रयोगमा निरीक्षक प्रशासक प्रकृतिको हुने सुपरिवेक्षक प्राविधिक प्रकृतिको हुने भनि सीमारेखा कोरिएबाट विद्यालय निरीक्षकलाई सुपरीवेक्षकको रुपमा परिचित गराउने कोशिश गरिएको गरिएको छ जसबाट प्राविधिक कार्यमा पूर्णतः संलग्न रहनुपर्ने मानयता विकसित हुँदै आएको छ । सुपरीवेक्षणको नविनतम अवधारणा अन्तर्गत उपचारात्मक सुपरिवेक्षण अत्युत्तम ठहरिएको र अनुसन्धानात्मक प्राप्तिले विद्यालय निरीक्षक सीप, ज्ञान र व्यवहारमा अभ्र बढी प्राविधिक पक्ष तर्फ उन्मुख हुनुपर्ने भएको ।

निरीक्षक कार्यक्रम निरीक्षण क्षेत्र, समुह विद्यालयको कार्यक्रम था जिल्ला शिक्षा कार्यालयको कार्यक्रमसँग सामञ्जस्यता राख्ने गरी निर्माण र विकास गर्नुपर्दछ । यसमा स्रोतकेन्द्रका कार्यक्रमलाई पनि समेट्नु पर्दछ । शिक्षण सिकाईलाई प्रभावकारी बनाउँने कार्यक्रम, शिक्षकलाई प्रदान गरिने पेशागत सहयोग, कक्षा अवलोकन, छोटो अवधिको तलिम नमुना पाठ प्रदर्शन, शैक्षिक सामाग्रीको प्रयोग, स्थानीय पाठ्यक्रम निर्माण, स्थानीय स्रोत साधनको उपयोग आदि जस्ता कुराहरुलाई विद्यालय निरीक्षण कार्यक्रमले समेट्नु पर्दछ (अधिकारी, २०७३)

अधिकारी, (२०७३) का अनुसार विद्यालय निरीक्षकहरुको कार्य प्रक्रियागत समस्याहरु केलाउँदा अभ्रै जटिलता देखिन्छ । कार्यालयमा हाजिर भई बस्न एकातिर नियम, कानून र पेशागत जिम्मेवारीले नमिल्ने, अर्कोतिर जिल्ला शिक्षा अधिकारी र शाखा अधिकृतहरुमा आफैं सरहका कर्मचारीहरुलाई कार्यालयको आर्थिक एवं नीतिगत र व्यवहारिक पक्ष देखाउनु कि नदेखाउनुको अप्ठेरो हुने, देखाएमा ठूलो समूहमा भागवण्डा गर्नुपर्ने, कतिपय आफ्ना व्यक्तिगत गोप्यताहरु भंग हुने डर हुने, विद्यालय निरीक्षक सबैको आधार पद हो भन्ने कुरा बिर्सने परिपाटीले थप समस्या देखिइरहेको छ ।

बुढाथोकी, (२०७१) का अनुसार "A Comparative Study of Schools Supervision in Morang and Sunsari Districts" नामक शोधपत्रमा विद्यालय निरीक्षणका क्रममा देखिएका

समस्याहरूलाई समाधान गर्न विद्यालय निरीक्षकलाई फिल्ड भत्तालगायतका अन्य सुविधामा बृद्धि गर्नुपर्ने, वि.नि.ले दिएको प्रतिवेदनलाई जि.शि.अ.ले कार्यान्वयन गर्नुपर्ने, वि.नि.लाई समयसमयमा तालिमको व्यवस्था गर्नुपर्ने, वि.नि.को शैक्षिक योग्यता बद्धि गर्नुपर्ने, सामुहिक विद्यालय निरीक्षण प्रणालीलाई बढावा दिनुपर्ने, दण्ड र पुरस्कारको उचित मूल्यांकन हुनुपर्ने, विद्यालय निरीक्षक अनुपात बैज्ञानिक बनाउनु पर्ने जस्ता वहाँले सुझाउनु भएका उपायहरूलाई अवलम्बन गर्न सके भावी दिनहरूमा विद्यालय सुपरिवेक्षणको क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउन मद्दत पुग्न सक्छ ।

स्रोतव्यक्ति नियुक्ति गर्ने वर्तमान परिपाटीलाई खारेज गरी शुद्ध परीक्षाको माध्यमबाट जिल्ला शिक्षा कार्यालयले स्रोतव्यक्तिको छनोट गरी नियुक्ति गर्ने व्यवस्था गर्नुपर्छ, शैक्षणिक योजना तथा सामग्रीहरूको निर्माण गर्दा वि.नि. र स्रोतव्यक्ति पनि सगै रहनु आवश्यक छ, वि.नि तथा स्रोतव्यक्तिहरूले शिक्षकहरूको कक्षा अवलोकन गरी समस्याको निदान र आवश्यक पृष्ठपोषण प्रदान गरिनु गर्छ । विद्यालयमा राजनीतिको प्रवेश हुन नदिनेतर्फ शिक्षक तथा व्यवस्थापन समितिका पदाधिकारीहरू चनाखो हुनुपर्ने, विद्यालयले स्रोतव्यक्ति तथा वि. नि. हरूलाई आउने वातावरण सिर्जना गर्नु पर्छ, विद्यालयका सरोकारवालाहरूसँग अन्तरक्रिया गर्ने व्यवस्था वि.नि र स्रोतव्यक्तिले मिलाउनु पर्छ । कक्षा शिक्षकको कक्षा अवलोकन व्यवस्थापन समिति अध्यक्ष तथा प्र.अ. ले गर्नु पर्छ, व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले पनि शिक्षकहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न प्रोत्साहित गर्नुपर्छ  साथै स्वस्थ्य, भौतिक तथा मानसिक वातावरण सिर्जना गरिदिनु पर्छ, प्र.अ.को शैक्षिक योग्यता अरू शिक्षकको भन्दा उच्च हुनुपर्ने, जहाँ प्रशस्त शिक्षकहरू छन् त्यहाँ प्र.अ.ले पढाउनेभन्दा पनि बढी शिक्षकहरूको कक्षा अवलोकन गरी पृष्ठपोषण दिने तथा व्यवस्थापन गर्ने काममा आफ्नो समय खर्च गर्नुपर्छ र वि.व्य.स. अध्यक्ष र सदस्यहरू आफ्ना अधिकार र कर्तव्यका बारेमा स्पष्ट हुनुपर्छ र तिनीहरूलाई नेपालको शिक्षा प्रणालीका बारेमा साथै विद्यालय सुपरिवेक्षणका बारेमा आवश्यक ज्ञान र सीप प्रदान गरिनु पर्ने जस्ता पक्षहरू शोधकार्यले व्याख्या गरेको पाइयो ।

बलायर, (२०६४) का अनुसार शैक्षिक विकासमा सहभागितात्मक अनुगमन शीर्षकमा नेपालको शैक्षिक अनुगमनको औपचारिक शुरुवात देखि सबैका लागि शिक्षा कार्यक्रम (२००४-२००९) सम्मको सुपरिवेक्षणा अवस्थालाई छोटकरीमा औल्याइएको छ । प्रशासनिक निरीक्षणबाट शुरु

भएको निरीषण व्यवस्था हाल आएर सरोकारवालाको सहभागितामा आधारित सहयोगात्मक रुपबाट सञ्चालन गर्ने प्रयासको थालनी भएको उल्लेख छ । विद्यालय निरीक्षणको सम्बन्ध मानवीय विकास र विद्यालयको सुधारसँग सम्बन्धित छ । विद्यालय एक जीवित संस्था भएकाले त्यहाँ ज्ञान, विचार र विवेकको बारेमा विमर्श गरिन्छ । यस्तो जीवन्त सामाजिक स.स्थालाई गतिशीलता प्रदान गर्ने कार्य निरीक्षणले गर्दछ । शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीविहरु लगायत सबै सरोकारवालाको संयुक्त प्रयासबाट सुधारात्मक कदमहरुको छनौट कार्य सबैको सहभागिताबाट मात्र संभव हुन सक्दछ । यसका लागि सहभागितामूलक अनुगमन एक साध्य हो । यसको शुरुवात सेती परियोजनाबाट भएको हो । सहभागितात्मक अनुगमन एक प्राज्ञिक सहयोग हो जसले सरोकारवालालाई सक्रियरुपमा सहभागी गराउँछ । यस आधारलाई मध्यनजर गरेर नै स्रोत केन्द्रमा आधारित अनुगमन प्रणालीलाई स्थापित गरिएको हो । यो एक समूहगत प्रयत्न हो जसमा समूहका सबै सदस्यहरुको प्रतिक्रियाबाट विद्यालय विकासका प्रत्येक क्रियाकलापहरु अगाडी बढाउन सहयोग मात्र पुऱ्याउँदैनन्, संरचनाको अभिवृद्धि गर्न समेत सहयोग पुऱ्याउँछन् । विद्यालय सामाजिक एकाइभित्रको एक उपप्रणाली हो । समाज र विद्यालयबीचको सहसम्बन्धबाट नै विद्यालय भित्रका सुधारात्मक गतिविधिहरु स्वःपरिचालित हुन थाल्दछन् । विद्यालयको सुधारका क्रममा समग्र पक्षलाई मार्ग दर्शन गर्ने कार्यमा विद्यालयद्वारा स्थापित अनुगमन प्रणालीको प्रमुख हात रहन्छ । विद्यालयमा आधारित अनुगमन प्रणाली भन्नाले कुनै अलग्गै सैद्धान्तिक धरातलबाट उत्पति भएको ज्ञान होइन । यो हाम्रै अभ्यास र प्रयासको प्रतिफलका रपमा स्थापित सैद्धान्तिक अवधारणा हो । यसको विकसित रुप सामान्यतया विद्यालयमा आधारित व्यवस्थापनको अवधारणा सँगै आएको हो । यो एक प्रकारको पूर्ण विकेन्द्रिकृत अनुगमन प्रणाली हो ।

काठमाडौं जिल्लाका स्रोतकेन्द्रहरूको बर्तमान स्थिति र स्रोतकेन्द्रमार्फत् संचालित कार्यक्रमहरूको प्रभावकारिताको अध्ययन गरी विद्यालयको शैक्षिक उपलब्धि वृद्धि गर्न के कति सहयोग पुगेको छ साथै कार्यक्रम संचालनमा देखा परेका समस्याहरूको वारेमा अध्ययन गरेको पाइयो । कार्यक्रम संचालनको सवैभन्दा तल्लो तह जुन अत्यन्त महत्वपूर्ण छ त्यो स्रोतकेन्द्र नै हो । यसले शैक्षिक कार्यक्रमको प्रभावकारिताका लागि गर्ने सहयोग, शैक्षिक उपलब्धिको प्राप्तिका लागि गरेको कार्य र प्राप्त उपलब्धिको अध्ययनका लागि प्रस्तुत शोधपत्रले केही

मात्रमा भएपनि जानकारी दिने उद्धेश्य रहेको देखिन्छ । शोधकार्य स्रोतकेन्द्र अन्तर्गत संचालित( खनाल, (२०६०) का अनुसार  विभिन्न कार्यक्रमहरूले शैक्षिक उपलव्धिमा परेका प्रभाव वारे स्रोतव्यक्ति, विद्यालय निरीक्षक, प्रधानाध्यापक तथा शिक्षकहरूको प्रतिकृया थाह पाउनु, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम लागू हुनु पूर्व (२०५७/०५८) र हालको (२०५९) प्राथमिक तहका विद्यार्थीहरूको औषत उपलव्धिको फरक पत्ता लगाउनु, स्रोतकेन्द्र अन्तर्गत कार्यक्रमहरू संचालन गर्दा देखिएका समस्याहरूको पहिचान गर्नु र समाधानका उपायहरूको खोजी गर्नु, श्रोतकेन्द्र अन्तर्गत संचालित कार्यक्रमको सुधारको लागि सम्वद्ध व्यक्तिहरूले राखेका अपेक्षाको पहिचान गर्नु र शैक्षिक उपलव्धि वृद्धि गर्न श्रोतकेन्द्रको भूमिकालाई प्रभावकारी वनाउन आवश्यक सुझावहरू प्रस्तुत गर्नु जस्ता उद्धेश्यहरू लिई शोधकार्य गरेको देखिन्छ।

कार्की, (२०६६) का अनुसार शिक्षामा नौ अ शीर्षकमा शैक्षिक क्षेत्रमा अनुगमन/निरीक्षण एउटा प्रमुख अंगको रपमा रहेको र कुनै पनि संघसंस्थालाई चुस्त दुरुस्त र प्रभावकारी बनाउनका लागि अनुगमन निरीक्षणको अपरिहार्यतालाई नकार्न सकिन्न । वर्तमानको अनुगमन फितलो छ भन्ने जनगुनासोमा केही हद्सम्म सत्यता पनि छ तर हाम्रो दायित्व पूरा गर्न अरुको मुख ताकेर बस्ने, अरले के गऱ्यो भन्नु भन्दा पनि मैले के गरें भन्ने कुराले महतव राख्दछ । सीमित साधन र स्रोतको उच्चतम एवं जीवन्त प्रयोग गर्दै जवाफदेहिता र उत्तरदायित्वलाई सर्वोपरि मानी तदनुरुप कार्य क्षेत्रमा समर्पित हुनुपर्दछ । अनुगमन निरीक्षणको सञ्जालबाट विद्यालयको जनशक्ति परिचालनलाई पहिलो प्राथमिकता क्रममा राख्नु पर्दछ । सहकर्मीहरु, प्र.अ., स्रोतव्यक्ति, विद्यालय निरीक्षक, जि.शि.अ. लगायतका पेशाकर्मीबाट अनुगमन निरीक्षणको कायृतालिकाको आधारमा निरीक्षण गर्ने र प्राप्त प्रतिवेदन उपर छानविन र कार्यान्वयन गर्ने परम्परा विकसित गर्नुपर्ने देखिन्छ । तसर्थ सिंगो निरीक्षण प्रणालीको प्रभावकारितामा अध्ययन अवलोकन गरी यसलाई समयसापेक्ष बनाउनु पर्दछ । अनुगमन निरीक्षणलाई गुणस्तरीय एवं विश्वासिलो भरपर्दो बनाउनका लागि साधन स्रोत सम्पन्न दक्ष जनशक्ति हुनपर्दछ साथै अहिलेको परिप्रक्ष्यमा समूह निरीक्षणलाई पनि एउटा सशक्त तरिकाको रुपमा लिन सकिन्छ ।

अधिकारी, (२०६४) का अनुसार सुपरीवेक्षणको परिभाषा, शैक्षिक सुपरीवेक्षणका सिद्धान्त तथा कार्यहरू, आधारभूत सुपरीवेक्षकीय सीपहरू, नेपालमा शैक्षिक सुपरीवेक्षणको विकास, विद्यालय सुपरीवेक्षणका समस्या र चुनौतीहरू, समस्या समाधानका उपायहरू र निष्कर्ष माफर्त आफ्ना

विचारहरूलाई समेट्नु भएको छ । परिभाषामा Unruh, Turner (१९७०:८) सुपरीवेक्षणको नवीनतम् अर्थलाई सेवामूलक क्रियाकलापकोरूपमा, प्रक्रियाकोरूपमा र कार्यकोरूपमा उल्लेख गरेकाछन् । सुपरीवेक्षण कार्यमूलकरूपमा प्रशासनसँग सम्बन्धित रहेको हुनुपर्छ, सुपरीवेक्षण दर्शनमा आधारित हुनुपर्छ, सुपरीवेक्षण बैज्ञानिक, प्रजातान्त्रिक, रचनात्मक र पेशागत हुनुपर्छ, यो उपलब्धिमूलक र परिवर्तनकारी र मानव सम्बन्धमा आधारित हुनपर्छ जस्ता सिद्धान्तहरू उल्लेख गर्नु भएको छ ।

वाइल्स, (१९६७) का अनुसार ले सुपरीवेक्षणका कार्यहरू, नेतृत्व प्रदान गर्नु, नीति निर्माण गर्नु, शिक्षण सिकाई अबस्थाको सुधार गर्नु, कर्मचारीहरूको सुधार गर्नु, मानव सम्बन्धको सुधार गर्नु, समूह अन्तरक्रियामा सुधार ल्याउनु, सुपरीवेक्षणमा सुधार ल्याउनु, शिक्षकको मनोबल, आत्मबल वढाउनु र सिकाईको प्रभावकारी वातावरणको सिर्जना गर्नु उल्लेख गरेका छन् । लेखकले वातावरणमा परिवर्तन ल्याउने, समस्या समाधान र निर्णय लिने, प्रभावकारी रूपमा संचार गर्ने, उत्प्रेरणा जगाउने, सहभागीतामूलक व्यवस्थापन गर्ने, नेतृत्व प्रदान गर्ने र समूह कार्य गर्ने जस्ता सुपरीवेक्षकीय सीपहरूको उल्लेख गर्नु भएको छ । नेपालमा शैक्षिक सुपरीवेक्षणको विकासक्रम राणा शासन देखी विभिन्न आयोगका प्रतिवेदनहरू, देशलाई राजनैतिक विभाजनको आधारमा र विभिन्न समयमा सञ्चालित आयोजनाहरूले गरेको व्यवस्थाका आधारमा यसको विकासलाई लेखले संक्षिप्तरूपमा प्रष्ट पार्न सकेको देखिन्छ ।

अधिकारी, (२०७५) का अनुसार विद्यालय सुपरीवेक्षण व्यवस्थाका प्रमुख चुनौती एवं समस्याहरूमा शैक्षिक प्रशासन व्यवस्था अत्याधिक केन्द्रिकृत हुनु, साबिक निरीक्षण दरवन्दी र बढ्दो विद्यालय संख्याले गर्दा निरीक्षण विद्यालय अनुपात नियमावलीले तोके भन्दा वढी हुनु, प्रशासनिक काममा व्यस्त हुनु, स्रोत सामग्रीको अभाव, तालिमको अभाव, न्यून सुविधाहरू, अधिकारको सीमितता, पेशाप्रति बफदार नहुनु र स्रोतव्यक्तिहरूको छनोट प्रक्रियाहरू उल्लेख गरेका छन् । विद्यालय सुपरीवेक्षणमा देखिएका समस्या एवं चुनौतीहरूको समाधानका लागि विभिन्न उपायहरू समेत लेखकले सुझाउनु भएको छ । सुपरिवेक्षकले शिक्षकका मनोबैज्ञानिक, सामाजिक आवश्यकताको पहिचान गर्नुपर्ने, निरीक्षकहरूको दक्षता अभिवृद्धि गर्नुपर्ने, उनीहरूको व्यवसायिक दक्षता अभिवृद्धि गरी उच्च मनोबलका साथ कार्य गर्न सक्ने वनाउने, सुपरीवेक्षकले व्यवसायिक दक्षता बढाउन कार्य गर्नुपर्ने, शिक्षकहरूलाई तालिम प्रदान गर्ने, शैक्षिक प्रशासन र

सुपरिवेक्षण पद्धति विकेन्द्रीकरणको धारणा अनुसार सञ्चालन हुनुपर्ने, जिम्मेवार र इमान्दार भई कार्य गर्न सक्ने वातावरण निर्माण गर्नुपर्ने, समन्वयात्मक निरीक्षण प्रणालीको विकास गर्ने, सुपरिवेक्षण प्रणालीको समयसमयमा समीक्षा गर्ने, शिक्षालाई राजनैतिक र प्रशासनिक हस्तक्षेपबाट अलग गरिनुपर्ने, विद्यालय र निरीक्षकको अनुपात वैज्ञानिक बनाउन पर्ने जस्ता समाधानका उपायहरू सुझाउन भएको पाइयो । समग्रमा यस लेखबाट शोधकार्यका लागि अति उपयोगी र शोधको प्रमाणिकताका लागि सहयोगी हुने देखिन्छ ।

लम्साल, (२०६४) का अनुसार विद्यालय सुपरीवेक्षण तथा निरीक्षण अनुसार विद्यालय शिक्षामा सुधारका लागि निरीक्षण तथा सुपरीवेक्षणको आवश्यकता छ भन्ने कुरा विगतमा विद्यालय निरीक्षण सम्बन्धी भएका प्रयासहरुले स्पष्ट पार्छन् । विद्यालय निरीक्षण गर्ने परिपाटीलाई त्यो प्रशासनिक भयो भनेर सुपरीवेक्षण गर्ने धारणाको विकास भएको हो । विद्यालयको निरीक्षण गर्ने होस् वा सुपरीवेक्षण ति दुवैको उच्चतम् उद्धेश्य भनेको शिक्षाको गुणस्तरमा सुधार गर्न सहयोग गर्नु हो । विगतदेखि वर्तमानसम्म आइपुग्दा विद्यालयको सुपरीवेक्षण गर्ने मोडालिटीहरु फरक भएका छन् । पहिले पहिले जिल्लामा एकजना प्रा.वि.नि. र एकजना मा.वि.नि. रहने गरेकोमा अहिले ४ देखि १४ जना सम्म विद्यालय निरीक्षक रहने व्यवस्था छ । त्यसको अलावा स्रोतकेन्द्रमा स्रोतव्यक्ति रहने व्यवस्था समेत छ । विद्यालय निरीक्षकहरु प्रशासनिक बन्न खोजेका छन्, विद्यालय निरीक्षण गर्न जाँदैनन्, योग्यता, दक्षता, तालिम र नेतृत्वको कमी छ, शिक्षकले वि.नि.लाई भारको रुपमा लिएका छन् जस्ता आरोप विद्यालय निरीक्षकलाई लगाइने गरेको छ जसले गर्दा विद्यालय निरीक्षकहरुको सामु आफ्नो योग्यता, दक्षता, तालिम आदिले क्षमता विकास गरी आफ्नो पेशाप्रति निष्ठावान्, उत्तरदायी, इमानदार र जुझारु बनी गुणस्तरीय शिक्षा प्रदान गर्ने महान् यज्ञमा लाग्न ठूलो चुनौती खडा भएको छ भनी उल्लेख गरिएको छ ।

## २.३ शैक्षिक उपादेयता

उल्लेखित सैद्धान्तिक खाका र साहित्यहरूले पुनरावलोकनबाट स्रोतकेन्द्रले समूह विद्यालयहरूको शैक्षिक सुपरीवेक्षणमा पारेको प्रभावका विविध पक्षहरूको उल्लेख गरेका छन् । विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि मेरुदण्डको रूपमा रहेका गाउँ शिक्षा शाखा र नगर शिक्षा शाखाले शिक्षाका घोषित उद्देश्य पूरा गराउन निश्चय नै केही भूमिका खेल्दै आएको छ । यसलाई अझ

महत्वपूर्ण बनाउन गाउँ शिक्षा शाखा र नगर शिक्षा शाखा प्रमुखको भूमिकालाई झन् प्रभावकारी बनाउनु आवश्यक छ । निरीक्षण वास्तवमा शिक्षाको शुरुवात भएदेखि कुनै न कुनै रुपमा विभिन्न नाम, सन्दर्भ र काम अनुसार समयक्रम सँगै परिष्कृत हुँदै आइरहेको तथ्य पुष्टि भएको पाइन्छ । विद्यालयको आर्थिक, प्रशासनिक तथा शैक्षिक स्तर उकास्नका लागि विद्यालयको निरन्तर अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण हुनु जरूरी छ । विभिन्न जिल्लाहरूमा विद्यालय निरीक्षणको अवस्थाका बारेमा गरिएका अध्ययनहरूले त्यस जिल्लाको सुपरीवेक्षणको वास्तविकता उजागर गरेकाले ती अध्ययनको सहायताले सिन्धुपाल्चोक जिल्लामा विद्यालय सुपरीवेक्षणको अवस्था कस्तो रहेको छ भन्ने कुराको अनुसन्धान गर्नका लागि थप सहयोग गरेको छ । विद्यालय निरीक्षकहरूले अधिकारमुखी निरीक्षण गर्नका लागि स्वतन्त्रता नपाएकाले विद्यालय निरीक्षण गरेर दिइएको प्रतिवेदनको कार्यान्वयन नभएको भन्ने कुरा चलिरहेका बेला वैज्ञानिक व्यवस्थापनको सिद्धान्तलाई हेर्ने हो भने विद्यालय निरीक्षकहरूको कार्य गर्ने वातावरण र जिम्मेवारीलाई सरकारले प्रत्यक्षरूपमा सहयोग गर्न नसकेको पाइन्छ । यस अध्ययनले विद्यालयमा देखिएका विद्यालय सुपरीवेक्षण सम्बन्धी विद्यमान अवस्था पत्तालगाई तीनमा देखिएका समस्याहरू केलाउने र भविष्यमा कसरी समस्याहरू समाधान गर्ने भन्ने बारेमा ठोस सुझाव दिने भएकाले यसको शैक्षिक उपादेयता अत्यन्त महत्वपूर्ण रहेको छ । खास गरी विद्यार्थी भर्नाको स्थिति, विद्यालयमा विद्यार्थीको शैक्षिक निरन्तरता, कक्षागत उपलब्धी, विद्यालयको शैक्षिक अवस्था, विद्यार्थीको आर्थिक अवस्था, सामाजिक, साँस्कृतिक परिवेश, विद्यालय प्रति समुदाय र अभिभावकको अवधारणा, शैक्षिक अवस्थामा गुणस्तरीय प्रगती, शिक्षकको दक्षता, तालिम, विद्यार्थीको पृष्ठभूमि र विद्यालय व्यवस्थापन समितिको भूमिका जस्ता तत्वहरूको वास्तविकता औंल्याउन शैक्षिक सुपरिवेक्षणको प्रभावकारिता महत्वपूर्ण रहेको हुन्छ ।

विद्यालय सुपरीवेक्षण सम्बन्धमा विगतमा गठन भएका आयोगका प्रतिवेदन तथा यस सम्बन्धमा सरकारका कार्यनीति तथा रणनीतिहरूको समग्र विश्लेषणले यस सम्बन्धि भएका व्यवस्थाहरूको साथै भविष्यमा सरकारले चाल्ने अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना तथा कार्यक्रमले सुपरीवेक्षणको प्रभावकरितालाई अझ समसामयिक बनाउदै लैजान सहयोग पुग्ने देखिन्छ ।

# परिच्छेद : तीन अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न परिमाणात्मक अनुसन्धान र गुणात्मक अध्ययन ढाँचा अवलम्बन गरिएको छ । अध्ययनका सङ्ख्यात्मक तथ्याङ्कलाई परिमाणात्मक र अन्तर्वार्ता, समूह छलफल आदिबाट प्राप्त हुने विचारहरूलाई गुणात्मक अनुसन्धान ढाँचाको रूपमा राखिएको छ ।

## ३.२ जनसंख्या र नमूनाको छनोट प्रक्रिया

झापा जिल्ला भद्रपुर नगरपालिका नगरशिक्षा शाखा अन्तर्गत बाट ६ वटा  विद्यालय मध्ये तीन वटा आधारभुत विद्यालय महेशपुर आधारभुत विद्यालय, शारदा आधारभुत विद्यालय र नमूना आधारभुत विद्यालय र ३ वटा माद्ययमिक विद्यालयहरु क्रमशः सरस्वती मा.वि., चन्द्रभानु ज्योति मा.वि., भद्रपुर मा.वि. गरी कुल ६ वटा विद्यालयहरु र यसका सरोकारवाला पक्षहरुलाई यस अध्ययनको जम्मा जनसंख्याको रुपमा लिइएको छ । यस अध्ययनको उद्धेश्य पूरा गर्नका लागि भद्रपुर नगरपालिका नगर शिक्षा शाखा प्रमुख एक जना, विद्यालयका प्र.अ.६ जना, व्यवस्थापन समितिका अध्यक्ष ६जना, अविभावकहरु मध्येबाट ६ जना र प्रत्येक विद्यालयमा अध्ययापन गराउँने शिक्षकहरु २ जना गरी जम्मा ३१ जनालाई यस अध्ययनको नमूनाको रुपमा छनोट गरिएको छ ।

## ३.३ तथ्यांक संकलनका साधन

यस अध्ययनका उद्वेश्यहरु पुरा गर्नका लागि नगरपालिका नगरशिक्षा शाखा प्रमुख, प्र.अ., शिक्षकसँग अन्तरवार्ता प्रश्नावली र प्र.अ., शिक्षक तथा अभिभावकसँग समूह छलफल, विद्यालयका प्र.अ.सँग सर्वेक्षण फाराम, विद्यालयले शैक्षिक सत्र २०७५ सालमा भरेका तथ्यांक फाराम जस्ता साधनहरु प्रयोग गरिएका छन् । यस अध्ययनमा पूर्व निर्धारित उद्देश्य पूरा गर्न अवलोकन, अन्तर्वार्ता अनुसूची, प्रश्नावली जस्ता अनुसन्धानका साधनहरु प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

### ३.३.१ अन्तर्वार्ता अनुसूची

यस अध्ययनमा नमुना जनसङ्ख्या भित्रका शिक्षकवाट आवश्यक सूचना लिन अन्तर्वार्ता अनुसूची तयार गरी तथ्याङ्क संकलन गरिएको छ । उत्तरदातासामु मौखिक रुपमा प्रश्न सोधी प्राप्त उत्तरलाई टिपोट गरिएको थियो । अन्तर्वार्ता अनुसूचीलाई अनुसूची मा समावेश गरिएको छ ।

### ३.३.२ प्रश्नावली सूची

यस अध्ययनमा नमुना छनौटमा परेका विद्यालयका प्रधानाध्यापकलाई आवश्यक सूचना लिन प्रश्नावलीको प्रयोग गरिएको थियो । यस अध्ययनमा तयार गरिएका प्रश्नावली उत्तरदातासामु आफैंले भेटेर लिइयो । प्रश्नावलीलाई अनुसूचीमा समावेश गरिएको छ ।

### ३.३.३ दस्तावेज पुनरावलोकन

नमुना छनौटमा परेको विद्यालयबाट आवश्यक सूचना तथा जानकारी संकलन गर्न अभिलेख, विद्यालय सुधार योजना पुस्तिका आदिको पुनरावलोकन गरिएको छ । यी अभिलेखको पुनरावलोकनबाट विद्यालयको भौतिक व्यवस्थापनमा गरिएका प्रयासहरु, विभिन्न योजनाहरुका वारेमा जानकारी हासिल भएको छ । यसका अतिरिक्त ऐन, नियम तथा विभिन्न परियोजनाका रिपोर्ट, लेखरचना, अध्ययन प्रतिवेदन आदिको समेत अध्ययन गरी सूचना सङ्कलन गरिएको छ ।

### ३.३.४ अवलोकन फारम

कुनै विषयवस्तु वा घटनाको गहिरो र विश्लेषणात्मक अध्ययन गर्नु नै अवलोकन हो । यहाँ नमुना छनौटमा परेका विद्यालयहरुको भौतिक पुर्वाधारहरुको अवस्था, त्यसले विद्यार्थीको सिकाइमा पारेको प्रत्यक्ष र परोक्ष प्रभावको अवलोकन गरिएको छ ।

## ३.४ तथ्यांक संकलन प्रक्रिया

कुनै पनि अध्ययन अनुशनधान तथ्याङ्क संकलन प्रक्रियाको महत्वपुर्ण भूमिका हुने गर्दछ । तथ्याङ्क संकल सही तरिकावाट हुन नसकेमा गरिएको अध्ययन र अनुसन्धानले पूर्णता पाउँन सक्दैन । यो अध्ययनलाई पूर्णता दिन निम्नानुसारको तथ्यांक संकलन प्रथामिक र द्धितीय स्रोत मार्फत संकलन गरिनेछ । प्रथामिक स्रोत अर्न्तगत नमूनामा छनोट भएका व्यक्तिहरु संग प्रत्यक्ष अन्तरवार्ता लिई तथ्यांक संकलन गरिएको छ भने द्धितीय स्रोतका रुपमा विद्यालयको अभिलेख मार्फत तथ्यांक गरिने छ ।

## ३.५ तथ्यांकका स्रोतहरु

यस अध्ययनका उद्वेश्यहरु पूरा गर्नका लागि प्राथमिक स्रोतका साधन अन्तर्गत प्रश्नोत्तरका लागि अन्तर्वार्ता प्रश्नावलीहरु प्राधनाध्यापक तथा शोध निर्देशकसँग छलफल गरी प्राप्त सुझावका आधारमा तयार गरी उपर्युक्त छनौटमा परेका जनसङ्ख्याहरूबाट आवश्यक सूचना, विचार र तथ्याङ्कहरू लिने काम गरिएको छ । यस कार्यमा प्रयोग भएको प्रश्नावलीको नमूना अनुसूचीमा दिइएको छ विद्यालयको विस्तृत सूचना प्राप्त गर्ने उद्देश्यले यस फारामको प्रयोग गरिएको छ । यसबाट आधारभूत सूचनाहरू थाहा पाउन मद्दत पुग्नेछ । धेरै जसो प्रश्नावलीका प्रश्नहरू बन्द प्रकारका रहे यसबाट मात्र अपेक्षित सूचना एवम तिनका धारणाहरू बुझ्न कठिन हुने देखिएकाले थप पूरक प्रश्न गरी छलफल गरिएको छ । त्यसै गरी विद्यालयको अभिलेखहरू खास गरेर निरीक्षण पुस्तिकामा लेखिएका सुझावहरू र तिनको प्रकृतिको अध्ययन गरिएको छ । त्यस्तै यस सोध अध्ययनलाई निचोडमा पु¥याउन द्बितीय स्रोतका रुपमा थप सहयोगी सूचनाहरु, विद्यालयका अन्य शैक्षिक अभिलेखन तथा दस्तावेजहरु, विद्यालय निरीक्षण पूस्तिका, स्टाफ बैठक र विद्यालय व्यवस्थापन समितिको बैठक निर्णय पूस्तिका, निरीक्षण क्षेत्रको कार्ययोजना, विभिन्न पत्र-पत्रिका, पुस्तक, लेख रचना, शोध कृति, बुलेटिन प्रतिवेदन, पुस्तकको अध्ययन तथा विश्लेषण गरी आवश्यक सूचनाहरु व्याख्या विश्लेषण गरिएको छ ।

## ३.६ तथ्याङ्क प्रस्तुति, विश्लेषण र व्याख्या

अध्ययनको उद्धेश्य पूरा गर्नको लागि सङ्कलित सूचना एवम् तथ्याङ्कहरूलाई वर्गीकरण गरिएको छ । यसका लागि केही सारांश फारामहरूको विकास गरिएको छ । अध्ययनको उद्देश्य

अनुसारको तालिकाहरू निर्माण गरी त्यसलाई यस अध्ययनको उद्देश्य अनुकुल विश्लेषण गरिएको छ । प्राप्त सूचनालाई बढी विश्वसनीय र भरपर्दो छ छैन भनेर त्यसको प्रमाणीकरणका लागि सरोकारवालाहरूसँग छड्के प्रश्नहरू सोध्ने र यी सूचनाहरू बिच तुलना समेत गरिएको छ । प्राप्त सूचना एवम् तथ्याङ्कहरूलाई परिमाणात्मक तथा गुणात्मक दुवै ढङ्गबाट बिश्लेषण गरिएको छ । साथै तालिका चित्र, ग्राफ चार्ट, प्रतिशत, अनुपात आदिका आधारमा प्राप्त तथ्यांकहरुको प्रस्तुति, व्याख्या र विश्लेषण समेत गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

प्रस्तुत बिषयको अध्ययनका लागि शोध प्रस्तावमा उल्लेख भएका विधिअनुसार नमूना जनसङ्ख्याका रूपमा छनोट भएका विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, नगर शिक्षा शाखा प्रमुखलाई, विद्यालय शिक्षा सिकाइमा सुपरीवेक्षण कार्य सञ्चालन गर्न भराइएको प्रश्नावलीबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा यस अध्ययनका उद्देश्यहरूलाई क्रमशः व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षणको अवस्था

कुनै कार्य वा पद्धतिको परिवेश स्थिति, अवस्था एवं प्रभावकारिताको लेखाजोखा वा जाँचबुझ गर्नु निरीक्षण हो । दिव्य दृष्टिबाट कामको अवलोकन गर्ने, अध्ययन गर्ने र समाधानका लागि प्रयास गर्ने कार्य चाहिँ सुपरिवेक्षण हो । त्यस्तै विद्यालय निरीक्षण कार्यले विद्यालयको कार्य पद्धति, पाठ्यक्रमको प्रयोग अवस्था तथा समग्र शैक्षिक अवस्था एवं प्रभावकारिताको जाँचबुझ गर्दछ । यसै गरी विद्यालय सुपरीवेक्षण कार्यले विद्यालयको दैनिक कार्यपद्धति, पाठ्यक्रमको प्रयोग, शिक्षण प्रक्रिया, शैक्षिक अवस्था र प्रभावकारिताको सम्बन्धमा गहिरिएर अध्ययन गर्ने र सुधारका लागि प्रयासहरु गर्दछ ।

### ४.१.१ विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षणको अवस्था

सुपरीवेक्षकको अवस्थासँग सम्बन्धित नियमितता, कक्षा अवलोकन र सुधार, तालिम र प्रशासनिक निरीक्षणले विद्यालय शिक्षा शिक्षण सिकाइमा सुधार ल्याउन सहयोग गर्दछ । विद्यालको निरीक्षण नियमित रुपमा गरी विद्यलयमा देखिएको कमिकम्जोरी पत्ता लगाई त्यसको उपयुक्त समाधान गरेमा पाठ्यक्रमले राखेको उद्देश्य पुरा हुन गई विद्यार्थीमा अपेक्षित उपलब्धि हसिल हुने गर्दछ । यस अध्ययनमा छनोटमा परेका विद्यालयहरुमा सुपरीवेक्षणको अवस्थालाई निम्न अनुसार उल्लेख गरिएको छ ।

### ४.१.२ नगर शिक्षा शाखा प्रमुखबाट गरेको सुपरीवेक्षणको अवस्था

नगर शिक्षा शाखा प्रमुखको विद्यालय सुपरीवेक्षणसँग  सम्बन्धी धारणा लिनका लागि अनुसूची-३ बमोजिमको खुला प्रश्नावली प्रयोग गरिएको छ । यस क्रममा नगर शिक्षा शाखा प्रमुखले अति

चासोका साथ आफ्ना विचारहरू राख्नु भएको छ । शिक्षाको गुणस्तर सुधारका लागि अनुसन्धानले सहयोग गर्ने धारणासमेत उहाँहरूले दिनु भएको छ जसबाट प्राप्त विचारलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १ : नगर शिक्षाशाखा प्रमुखले आधारभूत विद्यालयमा गरेको सुपरीवेक्षणको अवस्था**

| क्र. स. | कार्य | महेसपुर आ.वि | सारदा आ.वि. | पृथ्वी आ. वि | जम्मा |
|---|---|---|---|---|---|
| १. | कक्षा अवलोकन | १ | २ | १ | ४ |
| २. | हाजिरी जाँच | ० | ० | १ | १ |
| ३. | नमुना पाठ प्रदर्शन | ० | ० | ० | |
| ४ | शिक्षकसँग अन्तरक्रिया | १ | २ | १ | ४ |
| ५. | विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँग अन्तर्क्रिया | ० | १ | ० | १ |
| ६. | विद्यार्थीसँग अन्तर्क्रिया | ० | ० | ० | ० |
| ७. | मासिक कार्ययोजना बनाउने र सोही आधारमा प्रतिवेदन | १ | १ | १ | ३ |

स्रोत : स्थलगत सर्वेक्षण २०७६

भद्रपुर नगारशिक्षा प्रमुखले यस अध्ययनमा छनोटमा परेका आधारभूत विद्यालयहरुमध्ये सवैभन्दा बढी शारदा आधारभूत विद्यालयको सुपरीवेक्षण गरेको देखिन्छ । यस विद्यालयमा नगर शिक्षा प्रमुखले दुई पटक विद्यालय सुपरीवेक्षण गरेको देखिन्छ । सुपरीवेक्षणका क्रममा शिक्षक सँगको अन्तरक्रिया र कक्षा अवलोकन गरेको पाईन्छ । महेशपुर आधारभूत विद्यालयमा र नमूना आधारभूत विद्यालयमा सुपरीवेक्षणको क्रमका एक पटक विद्यालयमा पुगेको देखिन्छ । कक्षाकोठाको अवलोकन र शिक्षकहरुसँगको शिक्षण सिकाइका विषयमा अर्न्तक्रिया गरेको पाईयो भने नमूना आधारभूत विद्यालयमा व्यवस्थापन समितको बैठकको दिन परेकाले विद्यालयको समग्र पक्षको सुधारका विषयमा छलफल समेत गरिएको छ । विद्यालय शिक्षण कार्यमा सुधार ल्याउन मासिक कार्य योजना वनाउने विषमा भने प्रत्येक विद्यलयमा एक एकपटक अर्न्तक्रिया भएको छ । विद्यायलयको सम्पूर्ण शैक्षिक अवस्थामा सुधार ल्याइ विद्यार्थीको व्यवहारमा अपेक्षित परिर्वतन ल्याउन विद्ययालयमा ऐन नियमावलीमा व्यवस्था भए बमोजिम विद्यालयहरुको अनुगमन र सुपरीवेक्षण कार्य हुनुपर्दछ । यसरी सुपरीवेक्षण र निरीक्षणको जिम्वेवारी नगर

शिक्षाशाखा प्रमुख, प्रधानाध्यापक, र व्यवस्थापन समितिको हुनेछ । समग्रमा छनोटमा परेका विद्यालयहरुमा विद्यालय शिक्षा शिक्षण सिकाइको अवस्था त्यति राम्रो देखिदैन । विद्यालयरुमा बढीमा दुई पटक मात्र सुपरीवेक्षण भएको छ । यसबाट विद्यालयको सम्पूर्ण समस्याहरुको पहिचान गरी समाधान गर्ने र शैक्षिक गुणस्तस्तर सुधार गर्न कठिनाई देखिन्छ ।

### ४.१.३ नगर शिक्षाशाखा प्रमुखले माद्यमिक विद्यालयमा गरेको सुवरीवेक्षणको अवस्था

नेपालको संघीय नयाँ संरचना अनुसार विद्यालयका निरीक्षण, अनुगमन तथा सुपरीवेक्षणको सम्पूर्ण जिम्बेवारी गाँउ वा नगरशिक्षा शाखा प्रमूखको हुने गर्दछ । त्यसैले गाउँ वा नगरशिक्षा प्रमुखले आफू माथहतका विद्यालय नियमित रुपमा अनुगमन र सुवरीवेक्षण गर्नु पर्दछ । झापा जिल्ला भद्रपुर नगरपालिकाको नगरशिक्षा शाखा प्रमुखले नमूनाम छनोट भएको माद्यमिक विद्यालयहरुको सुपरीवेक्षणको अवस्थालाई निम्न अनुसार उल्लेख गरिएको छ ।

**तालिका २ :नगर शिक्षाशाखा प्रमुखले माद्ययमिक विद्यालयमा गरेको सुवरीवेक्षणको अवस्था**

| क.स. | सुपरीवेक्षण कार्य | सरस्वती मा.वि | चन्द्रभानु मा.वि | भद्रपुर मा.वि | जम्मा |
|---|---|---|---|---|---|
| १. | कक्षा अवलोकन | २ | १ | २ | ५ |
| २. | हाजिरी जाँच | ० | ० | ० | ० |
| ३. | नमुना पाठ प्रदर्शन | ० | ० | ० | ० |
| ४ | शिक्षकसँग अन्तरक्रिया | १ | १ | १ | ३ |
| ५. | विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँग अन्तर्क्रिया | ० | ० | १ | १ |
| ६. | विद्यार्थीसँग अन्तर्क्रिया | ० | ० | ० | ० |
| ७. | मासिक कार्ययोजना बनाउने र सोही आधारमा प्रतिवेदन | ० | ० | ० | ० |

स्रोत : स्थलगत सर्वेक्षण २०७६

माथिको तालिका अनुसार सरस्वती मा.वि, भद्रपुर मा.वि मा नगर शिक्षा प्रमुखले दुई पटक सुपरीवेक्षण गरेको देखिन्छ । भने चन्द्र भानु ज्योति विद्यालमा भने एक पटक मात्र विद्यालयको

निरीक्षण भएको देखिन्छ । विशेष गरी विद्यालय सुपरीवेक्षण गर्दा नगर शिक्षा प्रमुखले विद्यालयको कक्षाकोठा अवलेकान र विद्यालयमा उपस्थित शिक्षकहरु सँग भटघाट तथा अर्न्तक्रिया गरी विद्यालयको शैक्षिक गुणस्तर सुधारको विषयमा छलफल समेत गरेको देखिन्छ । भद्रपुर मा.विमा भने विद्यालयको व्यवस्थापन समितिको पदाधिकारी सँग समते भेट गरी नगरशिक्षा शाखा प्रमुखबाट विद्यालयमा देखिएका कमिकम्जोरी र त्यसका सामाधानका विषयमा अन्तरक्रिया कार्यक्रम भएको पाईन्छ । यसबाट अभिभावकमा विद्यालय सुधार गरी विद्यालयको गुणस्तर सुधार गर्न उत्सुक्ता मिलेको छ । सवै मा.वि.का प्रधानाध्यपकहरुको भनाई अनुसार विद्यालयको वार्षिक कार्यक्रममा नगर शिक्षा प्रमुखलाई आमन्त्रण गर्ने गरेको र त्यस्तो कार्यक्रममा नगरशिक्षा प्रमुख अतिथिको रुपमा उपस्थित हुने भएको छ । तर सो समयमा भने विद्यालयको निरीक्षण तथा सुपरीवेक्षण भने नगर्ने गरेको वताउछन् ।

### ४.१.४ प्रधानाध्यपकबाट आधारभूत विद्यालयहरुको निरीक्षण सम्बन्धी अवस्था

विद्यालयमा प्रधानाध्यापकलाई मुख्य प्रशासकको रुपमा जिम्वेवारी दिएको हुन्छ । त्यसैले एउटा कुसल प्रधानाध्यापकलाई जहाजको क्याप्टन सँग पनि तुलनाग गर्ने गरिन्छ । विद्यालमा विद्यार्थीको अपेक्षित उपलब्धि तथा विद्यालयको शैक्षक गुणस्तरलागई गुणस्तरीय बनाउने प्रमुख दायित्व प्र.अको हो । त्यसैले प्र.अले नियमित रुपमा विद्यालयको मूलाङ्कन र सुपरीवेक्षण कार्य गर्नु पर्दछ ।

तालिका ३ : प्र.अ. तथा शिक्षकहरुले आधारभूत विद्यालयहरुको निरीक्षण सम्बन्धी अवस्था

| क.स | सुपरीवेक्षण कार्यहरु | महेसपुर आ.वि | सारदा आ.वि. | नमूना आ. वि | कैफियत |
|---|---|---|---|---|---|
| १. | कक्षा अवलोकन | नियमित | नियमित | नियमित | |
| २. | हाजिरी जाँच | नियमित | नियमित | प्रायजसो | |
| ३. | दैनिक पाठयोजना अनुरुप शिक्षण गरे वा नगरेको | प्रायजसो | प्रायजसो | प्रायजसो | |
| ४ | विद्यार्थीसँग अन्तर्क्रिया | हप्तामा २ पटक | हप्तामा ३ पटक | हप्तामा २ पटक | |

स्रोत : स्थलगत सर्वेक्षण २०७६

तालिका नं ३ मा उल्लेख भए वमोजिम नमूनामा छनोट भएका विद्यालयमा प्र.अले विद्यालयका अन्य शिक्षकहरु सँग मिलेर विद्यालयको नियमित सुपरीवेक्षण गरेको पाईन्छ । जसमा कक्षा अवलोकन, हाजिरी जाँच, दैनिक पाठयोजना अनुरुप पाठ जाँच गरे वा नगरेको जस्ता विषयमा विद्यालयमा नियमित रुपमा निरीक्षण र अनुगमन भएको पाईयो । विद्यार्थी सँगको अर्न्तक्रिया भए नभएको विषयमा प्रधानाध्यापकले हप्ताका दुई पटक अनुगमन गरेको पाईयो भने शारदा आधारभूत विद्यालयमा यस विषयमा हप्तामा ३ पटक निरीक्षण गरेको पाईयो । यसरी विद्यालयका प्रधानाध्यापकले विद्यालयका अन्य शिक्षकहरु सँगको समन्वयनमा विद्यायका हरेक गतिविधिको मुल्याङ्कन गरेमा विद्यायलको समग्र पक्षमा सकारात्मक परिर्वतन आई विद्यार्थीको व्यहारमा अपेक्षित सुधार ल्याउन सकिन्छ ।

## ४.१.५ प्रधानाध्यापकबमट माद्यमिक विद्यालयहरुमा निरीक्षण सम्बन्धी अवस्था

विद्यालयको सम्रग सुधारको लागि प्रधानाध्यपकको महत्वपूर्ण भूमिका हुन्छ । त्यसैले विद्यालयका प्रधानाध्यपकहरुले विद्यालयका शिक्षकहरुको समन्वयमा नियमित रुपमा विद्यालयको अनुगमन, सुपरीवेक्षण तथा मुल्याङ्न गनुपर्ने हन्छ । झापा जिल्ला भद्रपुर नगरपालिका अर्न्तगत यस अध्ययनमा छनोटमा परेका माद्ययमिक विद्यालयमा प्र.अले शिक्षक सँग समन्वयन गरी गरेको सुपरीवेक्षणको अवस्थालाई निम्न अनुसार उल्लेख गरिएको छ ।

**तालिका ४ : प्रधानाध्यापकबाट माद्यमिक विद्यालयहरुको निरीक्षण सम्बन्धी अवस्था**

| क.स | सुपरीवेक्षण कार्यहरु | सरस्वती मा.वि | चन्द्रभानु मा.वि | भद्रपुर मा.वि | कैफियत |
|---|---|---|---|---|---|
| १. | कक्षा अवलोकन | नियमित | नियमित | नियमित | |
| २. | हाजिरी जाँच | नियमित | नियमित | प्रायजसो | |
| ३. | दैनिक पाठयोजना अनुरुप शिक्षण गरे वा नगरेको | नियमित | प्रायजसो | नियमित | |
| ४ | विद्यार्थीसँग अन्तर्क्रिया | हप्तामा २ पटक | हप्तामा ३ पटक | हप्तामा २ पटक | |

स्रोत : स्थलगत सर्वेक्षण २०७६

सुपरीवेक्षण कार्य विद्यालयमा नियमित रुपमा गर्नुपने हुन्छ । यसले विद्यालमा विद्यार्थीको सिकाइ उपलब्धि अपेक्षित परिवर्तन ल्याउन मद्दत पुऱ्याउँछ । माथिको तालिका मा उल्लेख भएबमोजिम

तीन ओटै विद्यालयमा प्र.अले शिक्षक सँग समन्वय गरी कक्षाकोठाको अवलोकन, हजिरी जाँच, दैनिक पाठयोजना बनाए नबनाएको, र विद्यार्थी सँग गरिएको अर्न्तक्रियका विषयमा नियमित सुपरीवेक्षण रुपमा सुपरीवेक्षण गरेको पाईयो । सपरीवेक्षणका क्रममा सरस्वती मा.वि र भद्रपुर मा.विले हप्तामा २ विद्यार्थीहरु सँग अर्न्तक्रिया गर्ने गरेको हरेछ भने अर्को माद्यमिक विद्यालयले हप्तामा ३ दिन विद्यार्थीहरु सँग अर्न्तक्रिया गरेको पाईयो ।

## ४.१.६ विद्यालय व्यवस्थापन समितिबाट विद्यालयहरुको सुपरीवेक्षण सम्बन्धी अवस्था

विद्यार्थीका अभिभावकहरु र विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरु समन्वयमा विद्यालयको रेखदेख नियमित अनुगमन र मूल्याङ्कन गर्ने उद्देश्यका साथ विद्यालय व्यवस्थापन समितिको गठन गरिन्छ । यसमा अभिभावकहरुको वाहुल्यता रहेको हुन्छ । यस विद्यालय व्यवस्थापन सम्वन्धी व्यवस्था शिक्षा ऐन तथा नियमावलीमा गरिएको छ । यस अध्ययनमा छनोटमा परको विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिको बैठक नियम अनुसार महिनामा कम्तिमा दुई पटक वस्ने गरेको पाईयो । दुई वटा माद्यमिक विद्यालयमा यो समितिले विद्यालयको नियमित रुपमा अनुगमन र सुपरीवेक्षण कार्य पाईयो । साथै समयमा विद्यालय उपस्थित नहुने शिक्षक तथा कर्मचारीलाई उपस्थित हुन सचेत गरिएको पाईयो । एउटामा आधारभूत विद्यालयमा व्यवस्थापन समितको वैठक नियतिन नवस्ने, र समिति मार्फत विद्यायलको निरीक्षण तथा सुपरीवेक्षण कहिले पनि नगरेको पाईयो भने अन्य दुई आधारभुत विद्यालमा व्यस्थापन समितिको वैठक नियम वमोजिम नै वसेको पाईयो । विद्यालयका समग्र पक्षमा अनुगमन गर्न समितिले आवश्यक ठानेमा समय समयमा विद्यालको सुपरीवेक्षण तथा निरिक्षण गरेको पाईयो ।

माथि उल्लिखित तालिकाबाट यो प्रस्ट हुन्छ कि विद्यालय निरीक्षण गर्न जाँदा सवै स्रोतव्यक्तिले कक्षा अवलोकन गर्दछन्, शिक्षकसँग अन्तरक्रिया गर्दछन्, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँग अन्तरर्क्रिया गर्दछन् तर यसको निरन्तरता भने कम हुने गरेको छ । यसबाट शिक्षकलाई आवश्यकता अनुसारको पृष्ठपोषण कम हुने अवस्था छ । कक्षा अवलोकनले शिक्षण गर्दा शिक्षकले अपनाएको शिक्षण विधिको प्रभावकारिता बारे जानकारी लिई तत्काल सुधार गर्न आवश्यक भएमा सुधारका लागि सल्लाह दिने, हाजिरी जाँचले शिक्षकको नियमितताको अवस्था हेरी पठनपाठनमा परेका असर केलाउन सकिने, विज्ञ स्रोतव्यक्तिले दिएको सल्लाहलाई शिक्षकले

सहजरूपमा स्वीकार गरी शिक्षण तरिकामा सुधार गर्न सक्ने भएकाले जति बढी निरीक्षण भयो शिक्षकले त्यति राम्रो मान्ने गरेका छन्, निरीक्षण बैज्ञानिक र प्रभावकारी हुनुपर्नेमा जोड दिएका छन् ।

## ४.२ विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षण गर्दा देखिएका समस्याहरू

विद्यालय निरीक्षण तथा सुपरीवेक्षणमा नीतिगतरुपमा जे जस्तो प्रावधान विद्यमान रहेको भएतापनि व्यवहारमा त्यस्तो भएको पाईदैंन । नीतिगत तथा कार्यक्रमगत रुपमा तोकिए झैं विद्यालयमा सुपरीवेक्षण भएको देखिदैंन । नेपालमा संघीय नयाँ संरचना अनुसार शिक्षकको पेशागत सहयोगका लागि व्यवस्था गरिएका गाउँशिक्षा शाखा प्रमुख/नगरशिक्षा प्रमुखको क्षमता अभिवृद्धिमा ठोस कार्यक्रम कार्यान्वयन हुन सकेको छैन । गाउँशिक्षा शाखा प्रमुख/नगरशिक्षाअ शाखा प्रमुखहरु शिक्षकलाई सहयोग गर्ने कार्यमा भन्दा पनि विद्यालयमा परम्परागत निरीक्षण, तथ्यांक संकलन र अन्य सूचना संकलन कार्यमा प्रयोग गरिएको छ । दुर्गम क्षेत्रमा रहेका विद्यालयहरुमा सुपरीवेक्षण सम्बन्धी कार्य हुन सकेको छैन । आधारभूत विद्यालयको तुलनामा माध्यमिक विद्यालयहरुमा सुपरीवेक्षणका कार्यहरु हुन सकेको देखिदैंनन् । सुपरीवेक्षण कार्यमा खटिने शिक्षा शाखा प्रमुखको क्षमता अभिवृद्धि, आधारभूत बन्दोबस्ती तथा सुविधा, उनीहरुको कार्यको अनुगमन गर्ने कार्य आवश्यकतानुसार हुन सकेको छैन ।

एउटा निरीक्षक वा विद्यालय निरीक्षकले एउटा विद्यालयमा के कति समय बिताउनु पर्ने, सुपरीवेक्षणको ढाँचा कस्तो हुने र के कस्ता प्रक्रिया अपनाउनु पर्ने भन्ने सम्बन्धमा एकरुपता भएको पाईदैंन । यो व्यक्ति व्यक्तिमा फरक फरक रहने गरेको पाइन्छ । स्पष्ट आधारको अभावमा छिटोछिटो सरुवा भै सुपरीवेक्षणमा आउने विद्यालय निरीक्षकहरु पिच्छे फरक फरक धारणाले गर्दा विद्यालयका शिक्षकहरुमा समेत अन्यौल रहेको अवस्था छ ।

विद्यालय निरीक्षकहरुको अधिकांश समय शैक्षिक कार्यक्रम भन्दा पनि प्रशासनिक कार्यहरुमा जस्तै : तालिम, सेमीनार, गोष्ठी, बैठक, अनौपचारिक प्रौढ शिक्षा तथा बालविकास केन्द्र सम्बन्धी कार्यक्रममा व्यस्त रहनुपर्ने भएकाले उनीहरु विद्यालयमा सुपरीवेक्षण कार्यमा समय दिन पाएका छैनन् । सुपरीवेक्षण नितान्त प्राविधिक कार्य भएकोले निरीक्षकमा विषयवस्तुको ज्ञान, सीप आदि हुनु जरुरी भए तापनि हाल कार्यरत विद्यालय निरीक्षक विषयगत रुपमा नभई

साधारण (Generalist) को अवधारणामा ल्याइएको पाइन्छ । यसबाट शिक्षकहरुले विशिष्टिकृत ( Specialist) को रुपमा पाउनुपर्ने सेवा पाउन नसकेको हुनाले शिक्षकहरु स्वयं विद्यालय निरीक्षक सहयोग प्रति सकारात्मक बन्न सकेको छैनन् । लामो समयसम्म विषयगत दक्षता हासिल गरी शिक्षण पेशामा दक्ष रहेका शिक्षकहरु भर्खरै कोरा ज्ञानबाट आएका निरीक्षकहरु प्रति विश्वस्त हुन सकेको अवस्था देखिदैन ।

विद्यालय सुपरीवेक्षणमा देखिएका समस्याहरूका बारेमा सरोकारवालाहरू नगरशिक्षा शाखा प्रमुख, वि.व्य.स. अध्यक्ष, प्र.अ. तथा शिक्षक र विद्यार्थीहरूकासँग छलफल, अन्तरक्रिया र प्रश्नावलीका माध्यमबाट प्रतिक्रिया लिई त्यसको विश्लेषण गरिएको छ ।

### ४.२.१ विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षणमा देखिएका समस्याहरुमा सरोकारवालाको धारणा

विद्यालय शिक्षा शिक्षा क्षिक्षण सिकाइमा नियमित रुपमा गाउँ शिक्षा शाखा प्रमुखबाट निरीक्षण हुनुपर्दछ । जसले विद्यालयको शैक्षिक गुणस्तरमा अपेक्षाकृत परिवर्तन ल्याउन सकिन्छ । प्रधानाध्यापक विद्यालयको प्रशासनिक कार्य गर्ने मख्य व्यक्ति हो । उनले विद्यालय व्यस्थापन समिति, शिक्षक अभिभावक संघ । गाउँ शिक्षा शाखा प्रमुख सँग सम्न्वयनका वातावरण सीर्जना गरी विद्यालय शिक्षा शिक्षण सिकाइको सर्व पक्षीय निरीक्षण तथा सुपरीवेक्ष गर्नु पर्दछ । यसरी आधारभूत विद्यालय शिक्षा शिक्षण तथा सिकाइमा सुपरीवेक्षण गर्दा विभन्न समस्याहरु आउँन सक्दछन् । यसवारे बिभिन्न सरोकारवालाको धारणलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

**तालिका नं.५ : विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षणमा देखिएका  समस्याहरु**

| सरोकारवाला / विद्यालय | शाखा प्रमुख | प्र.अ | शिक्षक | अभिभावक |
|---|---|---|---|---|
| सारदा आधारभूत | निरीक्षण गर्न कर्मचारीको आभाव | सुपरीवेक्षणमा अभिभावकको न्यून उपस्थिति | कक्षाकोठाको निरीक्षण नगरिने | विद्यालयमा कम उपस्थिति |
| महेपुर आधारभूत | धेरै विद्यालय एक व्यक्तिले गर्नुपर्ने | प्रशासनिक कार्यबोझ्राले नियमित निरीक्षण गर्न नसकिएको | विद्यालय निरीक्षणको कुनै योजना नभएको | विद्यालय निरीक्ष सम्वन्धी जानकारी नगराईने |
| पृथ्वी आधारभूत | सेवा सुविधाको कम उपलब्ध हुने | निरीक्षणबाट देखिएका समस्या समाधानमा आर्थिक स्रोतको अभाव | आएका सुझ्रावको कायान्वयन नहुनु | निरीक्षणको नाममा हाजिरी मात्र चेक गरिएको |

सोत : स्थलगत सर्वेक्षण २०७६

माथिको तालिका अनुसार आधारभूत विद्यालयमा शिक्षा शिक्षण सिकाइमा नगर शिक्षा प्रमुखको भनाई अनुसार विद्यालयको निरीक्षण एकै व्यक्तिले गर्नुपर्ने र विद्यालयको अनुगमन तथा निरीक्षण गरेवापत सेवा सुविधाहरु न्यून रहेको जस्ता समस्याहरु बताउनु हुन्छ । प्र.अ.को भनाई अनुसार विद्यालयमा प्रशासनिक कार्यहरुको बोझ्र बढीहुनु, विद्यालय निरीक्षण मार्फत देखिएको समस्या समाधानका लागि आवश्यक वजेटको अभाव हुनु र सुपरीवेक्षणीय कार्यमा अभिभावकको न्यून उपस्थिति हुनु जस्ता समस्याहरु रहेका छन् । शिक्षकको धारणा अनुसार

विद्यालय शिक्षा शिक्षण सिकाई निरीक्षणको क्रममा कक्षा कोठा अवलोकन कम मात्रमा हुनु विद्यालय निरीक्षणको स्पष्ट योजनाविना निरीक्षण गरिनु र निरीक्षणमा देखिएका समस्याहरु समाधान नगरिनु जस्ता समस्याहरु रहेका छन् । अभिभावकहरुको भनाई अनुसार भएनभएको विषयमा अभिभावकको कम चासो रहेको निरीक्ष भएपनि हाजिरीमात्र चेक गर्ने गरेको विद्यालयका समग्र समस्याहरु के निरीक्षण नहुने जस्ता समस्याहरु रहेका छन् ।

## ४.२.२ माद्यमिक विद्यालयहरुमा विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्ष सम्वन्धी समस्याहरुमा सरोकारवालको धारण

यस अध्ययन झापा जिल्लाको भद्रपुर नगरपालिका नगरशिक्षा शाखा अर्न्तगत पर्ने तीन वटा आाधारभूत विद्यालय र तीन वटा सामुदायिक माद्यमिक विद्यालयहरुमा केन्द्रीत रहेर गरिएको छ । जस अर्न्तगत तीन वटा सामुदायिक माद्यमिक विद्यालयहरुमा देखिएको  सुपरीवेक्षणमा सम्बन्धी समस्यहरुलाई नम्न अनुसार उल्लेख गरिएको छ ।

**तलिका नं. ६ : माद्यमिक विद्यालयहरुमा विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्ष सम्वन्धी समस्याहरुमा सरोकारवालको धारण**

| सरोकारवाला / विद्याल | नगर शिक्षा शाखा प्रमुख | प्र.अ | शिक्षक | अभिभावक |
|---|---|---|---|---|
| भद्रपुर मा.वि | सेवा सुविधा कम हुनु | प्रसाननिक कार्यको बोझ बढी हुनु | कक्षाकोठाको अवलोकन कम हुनु | अभिभावक भेलामा अभिभावको न्यून उपस्थिति |
| चन्द्र भानु ज्याति मा.वि | एक जनाले धेरै विद्यालयको अनुगमन गर्नुपर्ने | अर्थिक अभाव | विद्यार्थी सँग अर्न्तक्रिया नहुन | विद्यालयको अनुगमनबाट देखिएको समस्याहरु |

| | | | | |
|---|---|---|---|---|
| | | | | समाधान नहुनु |
| सरस्वती मा.वि | विद्यालयको निरीक्षण भन्दा प्रशासनिक कर्यबोझ बढी हुनु | निरीक्षण कार्यमा अभिभावकको सहभागी गराउन कठिन | शिक्षकहरु सँग अर्न्तक्रिया कम हुनु | विद्यालय निरीक्षण्को विषयमा अभिभावलाई जनाकारी नहुनु |

स्रोत स्थलगत सर्वेक्षण २०७६

विद्यालय शिक्षा शिक्षण सिकाइमा निरीक्षण गर्नु एउटा कठिन  र चुनौतिपूर्ण कार्य हो । यस निरीक्षणीय कार्यमा सम्पूर्ण सरोकारवालाको आफ्नो आफ्नो भूमिका हुन्छ । माथिको तालिका अनुसार माद्ययमिक तहको विद्यालय शिक्षा शिक्षण सिकाईमा नगर शिक्षा शाखा प्रमुखका अनुसार विद्यालयको निरीक्षणको लागि सेवा सुविधा कम हुनु, एकजना नगर शिक्षा शाखा प्रमुखले धेरै विद्यालयहरुको सुपरीवेक्षण गनुपर्ने र विद्यालयको कार्यबोझा भन्दा पनि प्रशासनिक कार्यबोझ बढी हुनु जस्ता समस्याहरु रहेको बताउनु हन्छ । प्र.अ. का अनुसार विद्यायमा देखिएका समस्याहरु समाधान गर्न अर्थिक स्रोत र साधानको अभाव हुनु, विद्यालयमा अभिभावकको उपस्थिति न्यून हुनु जस्ता समस्याहरु रहेको छ । विद्यालयमा शिक्षणका विषयमा शिक्षकहरुमा अर्न्तक्रिया कार्यक्रमहरु कम मात्रामा हुनु, नमूना पाठ प्रदर्शन नहुनु र विद्यालयको निरीक्षणको विषयमा अभिभावकलाई जानकारी नगराउनु जस्ता समस्याहरु देखिएको छ ।

## ४.३ विद्यालय शिक्षा सिकाइ सुपरीवेक्षणमा देखिएका समस्याहरूका समाधानका उपायहरु

सुपरीवेक्षणका कार्यहरू, नेतृत्व प्रदान गर्नु, नीति निर्माण गर्नु, शिक्षण सिकाई अबस्थाको सुधार गर्नु, कर्मचारीहरूको सुधार गर्नु, मानव सम्बन्धको  सुधार  गर्नु, समूह अन्तरक्रियामा सुधार ल्याउनु, सुपरीवेक्षणमा सुधार ल्याउनु, शिक्षकको मनोबल तथा आत्मबल वढाउनु र सिकाईका लागि भावकारी वातावरणको सिर्जना गर्नुपर्नेहुन्छ । शैक्षिक वातावरणमा परिवर्तन ल्याउने, समस्या समाधान र निर्णय लिने, प्रभावकारी रूपमा संचार गर्ने, उत्प्रेरणा जगाउने,

सहभागीतामूलक व्यवस्थापन गर्ने, नेतृत्व प्रदान गर्ने र समूह कार्य गर्ने जस्ता सुपरीवेक्षणीय सीपहरूको व्यवहारिक प्रयोग नै यस विद्यालय शिक्षा शिक्षण सिकाइ सुपरीवेक्षणमा देखिएका समस्याहरुको समाधानको बाटो हो । यति हुदाँ हुदैं पनि विद्यालय शिक्षा शिक्षण सिकाई सुपरीवेक्षणमा विभिन्न समस्याहरु आउँने गर्दछन् । त्यस्ता समस्याहरुलाई सामाधान गर्न सम्वन्धित सरोकारवालाहरुको धारणलाई तल प्रस्तुत गरिएको छ ।

### ४.३.१ आधारभूत विद्यालयमा शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षणमा देखिएका समस्याहरुको सामाधानका सम्बन्धमा सरोकारवालहरुको धारणा

विद्यालय शिक्षा शिक्षाण सिकाइमा नियमित सुपरीवेक्षण तथा अनुगमन हुन जरुरी छ । विद्यालय शिक्षा सिकाई क्रियाकलापमा हुने गरका समस्याहरु पहिचान गरी त्यसको प्रभावकारी सामाधानको लागि विद्यालय शिक्षा शिक्षण सिकाइ सुपरीवेक्षण तथा निरीक्षणको महत्वपूर्ण भुमिका हुन्छ । यस अध्ययनमा छनोटमा परेका आधारभूत विद्यालय शिक्षा शिक्षणमा देखिएको समस्याहरु समाधानमा सरोकारवालको भूमिकालाई निम्न अनुसार उल्लेख गरिएको छ ।

**तालिका नं. ७ : आधारभूत विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षणमा देखिएका समस्याहरु समाधानका सम्वन्धमा सरोकारवालाहरुको धारणा**

| सरोकारवाला / विद्यालय | नगर शाखा प्रमुख | प्रधानाध्यपक | शिक्षक | वि.व्यव. समिति |
|---|---|---|---|---|
| सारदा आ.वि. | कर्मचारीको व्यवस्थापन गनुपर्ने | अभिभावक सँगको समन्वय गरी सुपरीवेक्षण गर्नुपर्ने | कक्षा नमूना शिक्षण गर्नुपर्ने | विद्यालयमा उपस्थिति बढाउनुपर्ने |
| महेसपुर आ.वि | विद्यालयको संख्या आधारमा निरीक्षकको | प्र.अ. ले शिक्षणकार्य नगरी प्रशासनिक | शिक्षक विद्यार्थी विच अर्न्तक्रिया गर्नुपर्ने | विद्यालय निरीक्षण सम्वन्धी विषयमा |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्थापन हुनुपर्ने | र विद्यायल निरीक्षण सम्वन्धी कार्य गनुपर्ने | | अभिभावकलाई जनकारी गराउने |
| पृथ्वी आ. वि | अवश्यक सेवा सुविधाको व्यस्थापन हुनपर्ने | निरीक्षण सम्वन्धी प्रतिवेदनको कार्यान्वयन गर्नुपर्ने | विद्यालयको सम्पूर्ण पक्षको निरीक्षण गर्नुपर्ने | विद्यालयको नियमित निरीक्षण गर्न आवश्यक वातावरण मिलाउने |

स्रोत : स्थलगत सर्वेक्षण २०७६

विद्यालयमा विद्यार्थीको शैक्षिक गणस्तर सुधारको लागि विद्यालयको नियमित रुपमा निरीक्षण गर्नुपर्दछ र सुपरीवेक्षणको आवश्यक हुन्छ । यसरी निरीक्षणका क्रममा आधाभूत विद्यालयमा देखिएका समस्याहरु समाधान गर्न सरोकारवालाहरुको विभिन्न धारण रहेको पाईन्छ । नगर शिक्षा शाखा प्रमुखका अनुसार नगर शिक्षा शाखामा थप कर्मचारीको व्यवस्था गर्नुपर्दछ । विद्यालयको अनुपातमा विद्यालय निरीक्षकको व्यवस्था गर्नुपर्दछ । निरीक्षण गर्ने व्यक्तिको सेवा सुविधाको उपयुक्त व्यस्था गर्नुपर्दछ । प्र.अ.को धारण अनुसार विद्यालय शिक्षा शिक्षण सिकाईमा सुपरीवेक्षण गर्दा अभिभावकसँग समन्वयन गनुपर्ने प्र.अ.ले कक्षा शिक्षण नगरी प्रशासनिक कार्य र विद्यालयको निरीक्षण मात्र गर्नुपर्ने र विद्यालयमा निरीक्षणमार्फत देखिएका समस्या सामाधान गर्न आवश्य स्रोतको व्यवस्था गर्नु पर्दछ । विद्यालयका शिक्षकका अनुसार विद्यालयको कक्षाकोठाको अवलोकन नगरी समग्र विद्यालयको समस्याहरु पहिचान गरी त्यसको समाधान समेत सुपरीवेक्षण कार्यले गनुपर्ने बताउछन् ।

## ४.३.२ माद्ययमिक विद्यालयमा शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षण सम्वन्धी देखिएका समस्याहरु समाधानमा सरोकारवालाहरुको धारणा

सुपरीवेक्षण तथा निरीक्षणको विद्यालय शिक्षा शिक्षा शिक्षण सिकाईमा आफ्नै महत्व रहेको हुन्छ । विद्यार्थीका शैक्षिक उपलब्धिको स्तर वृद्धि गर्न विद्यालयमा नियमित सुपरीवेक्षण तथा अनुगमन गर्नु पर्दछ । यसरी माद्यमिक विद्यालयमा सुपरीवेक्षण गर्दा विभिन्न खालका समस्याहरु आउँछन् । ती समस्याहरु समाधान गर्न सरोकारवालाको धाराणालाई निम्न अनुसार उल्लेख गरिएको छ ।

**तलिका नं. ८ : मध्यामिक विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षण सम्वन्धी देखिएका समस्याहरु समाधानमा सरोकारवालाहरुको धारणा**

| सरोकारवाला / विद्यालय | नगर शिक्षा शाखा प्रमुख | प्रधानाध्यापक | क्षिक्षक | वि. व्यस्थापन समिति |
|---|---|---|---|---|
| भद्रपुर मा.वि. | सेवा सुविधा बृद्धि गर्नुपर्ने | सुपरीवेक्षण र विद्यालयको प्रशासनिक कार्यमात्र गर्ने | निरीक्षणका क्रममा कक्षाकोठको अवलोकन गर्नुपर्ने | विद्यालय निरीक्षण सम्बन्धी विषयमा अभिभावकलाई जानकारी गराउँने |
| चन्द्र भानु ज्योति मा.वि. | कर्मचारी व्यवस्थापन गर्नुपर्ने | अर्थिक स्रोत जुटाउने | विद्यार्थी शिक्षक विच अर्न्तक्रिया हुनुपर्ने | अभिभावकले दिएको सुझावको सुनुवाई हुन पर्ने |
| सरस्वती मा.वि. | सुपरीवेक्षण सम्वन्धी पूर्व योजना बनाउनुपर्ने | विद्यालयको निरीक्षणमा अभिभावकलाई सहभागि गराउँनु | सुपरीवेक्षण गरी तयार पारेको प्रतिवेदन कार्यान्वयन | विद्यालय निरीक्षणमा अभिभावकको सहभागिता |

| | | | | |
|---|---|---|---|---|
| | | पर्ने | गनुपर्ने | हुनुपर्ने |

स्रोत : स्थलगत सर्वेक्षण २०७६

माथिको तलिकामा उल्लेख भएबमोजिम मध्यमिक विद्यालयमा शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षण तथा निरीक्षण देखिएका समस्याहरु सामाधानका लागि नगर शिक्षा शाखा प्रमुखका अनुसार विद्यालय निरीक्षणका लागि अतिरिक्त सेवा सुविधाहरुको व्यस्था गर्नुपर्ने, नगर शिक्षा शाखामा कर्मचारी थप गनुपर्ने र विद्यालय निरीक्षण समम्बन्धीको पूर्वकार्य योजना बनाई तयार गर्नुपर्ने बताउनुहन्छ । त्यस्तै प्र.अ. का अनुसार प्र.अ. ले शिक्षण कार्यमा नलागि प्रशासनिक कार्य र विद्यालयको निरीक्षण तथा सुपरीवेक्षण कार्य गर्नु पर्ने र यस्तो कार्यमा अभिभावकको उपस्थिति रहनु पर्दछ । शिक्षकका अनुसार विद्यालयको सुपरीवेक्षण विद्यालयको सुपरीवेक्षण तथा निरीक्षण गरे पश्चात तयार परिएको प्रतिवेदनको कार्यन्वयन गर्नुपर्दछ । विद्यालय निरीक्षणका क्रममा शिक्षक र तथा विद्यार्थीसँग अर्न्तक्रिया गर्नुपर्ने विद्यालयको निरीक्षण तथा सपरीवेक्षण सम्वन्धी सम्पूर्ण कार्यको जानकारी अभिभावकहरुलाई गराउँनु पर्नेछ । वि.व्य.स दिएको सुझाबलाई आत्मासाथ गर्न सविन्छ । यसरी हेर्दा विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षणमा देखिएका समस्याहरुलाई सरोकारवालाले दिएको सुझाव कार्यन्वयन गरी समस्याहरुलाई समाधान गर्न सकिन्छ ।

## ४.४ मुख्य प्राप्ति

नगर शिक्षा शाखा प्रमुख र विद्यालयका प्रधानाध्यापकले विद्यालयको सुपरीवेक्षण र पठनपाठनमा के कस्तो सहयोग गरेका छन् त्यसको कस्तो प्रभाव रहेको छ भन्ने कुराहरूको साथै शैक्षिक प्रगति गर्न सकेको झापा जिल्लाको वर्तमान शैक्षिक अवस्थामा सुधार ल्याउन आवश्यक छ । भद्रपुरा नगार शिक्षा शाखा प्रमुख तथा प्रधानाध्यपकहरु नियमितता, शिक्षक, विद्यालय व्यवस्थापन समितिसँगको अर्न्तक्रिया, कक्षा अवलोकन, नमुना पाठ प्रदर्शन, तालिम कार्यक्रम संचालन, शैक्षिक सूचनाको अभाव, पाठ्यक्रम सम्बन्धी जानकारी लगायत पक्षहरूमा सुधार हुन नसकेको अबस्था छ । टेलर (सन् १८५६) ले भने झैं कुनैपनि काम गराउनु छ भने व्यवस्थापकले ध्यान दिएर आफ्ना कर्मचारीलाई त्यहि अनुसार कार्य लगाउनु पर्दछ भन्ने सिद्धान्त अनुसार यस जिल्लामा शिक्षा विकास तथा समन्वय इकाइले आफ्ना मातहतका कर्मचारीलाई

सुपरीवेक्षण लगाउने प्रयास गरेको देखिन्छ । शिक्षण सिकाइमा उत्तम विधिहरु प्रतिपादन गर्नुपर्दछ र निरीक्षकले ति विधिहरु बमोजिम शिक्षकहरुले कक्षा शिक्षण गरे नगरेको खोजी गर्नुपर्दछ भन्ने यस सिद्धान्तको धारणा यस शोधको अध्ययनको क्रममा प्राप्त भएको छ । तर हर्जवर्ग (१९२१) ले प्रतिपादन गरेको उत्प्रेरक-आरोग्य सिद्धान्तले दर्शाए जस्तो कर्मचारीलाई आफ्नो कार्य वातावरणमा उत्प्रेरित गर्ने तत्वको अभाव भएको पाइन्छ । पुरस्कार दण्डको न्यायोचित वितरण हुन नसकेको, सुपरिवेक्षणमा जाने र नजाने दुवै थरिका कर्मचारीलाई गरिने व्यवहारमा समानता रहेका, सुपरिवेक्षकले सुपरिवेक्षण पछि दिएका सुझावहरुलाई कार्यान्वयन गर्न माथिल्लो निकायले चासो नदिएको हुँदा हर्जवर्गको उत्प्रेरक तत्वहरुमा रहेका उपलब्धी, उन्नति, विकास, चुनौतिपूर्ण काम, पहिचान, उत्तरदायित्व जस्ता कुराहरु उत्कृष्ट कार्यसम्पादनको लागि उत्प्रेरक तत्वको रुपमा यो सिद्धान्त यहाँ आकर्षक भएको देखिदैंन ।

प्रस्तुत क्षेत्रमा गरिएको यो अध्ययनले शैक्षिक सुपरीवेक्षणलाई प्रभावकारी नबनाई शैक्षिक शिक्षण प्रक्रियमा सुधार आउन नसकिने देखियो । विभिन्न सरोकारवलाहरूसँग भएको छलफल तथा अन्तरक्रिया, प्रश्नावलीहरूको विश्लेषणबाट प्राप्त गरिएका निष्कर्ष अनुसार नगर शिक्षा शाखा प्रमुखबाट विद्यालयको निरीक्षण तथा सुपरीवेक्षण कार्य वर्षमा दुई पटक सम्म गरेको पाईयो । सुपरीवेक्षणका क्रममा कक्षा अवलोकन र शिक्षकसँग अन्रतक्रिया गरेको पाईयो । प्रधानाध्यापकहरुले विद्यालयको नियमित रुपमा नै सुपरीवेक्षणीय कार्य गर्ने गरेको पाईयो । कक्षाकोठाको अवलोकन र विद्यार्थी हाजिरी भने नियमित रुपमा जाँच गर्ने गरेको पाईयो । छनोटमा परेका विद्यालयमा माथिल्लो निकायबाट निरीक्षण न्यूनमात्रामा हुने, भइहाले पनि सुपरीवेक्षण मार्फत गरिएको प्रतिवेदन कार्यन्वयन नहुने जस्ता समस्याहरु रहेको पाईयो । विद्यालय व्यवस्थापन समितिका धारणा अनुसार विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न नियमित विद्यायलको अनुगमन तथा निरीक्षण गर्नु पर्ने आफ्ना विद्यार्थीको सिकाइ उपलब्धि बुझ्न अविभावक समय समयमा विद्यालय जानुपर्ने जस्ता विचार व्यक्त भएको पाईन्छ ।

विद्यालय सुपरीवेक्षण कार्यलाई व्यवस्थित बनाउन विभिन्न आयोग तथा समितिका सिफारिसहरु, शिक्षा ऐन र नियमावलीमा भएको व्यवस्था, विभागले गरेको व्यवस्था, सबैका लागि शिक्षाको निरन्तरताको रुपमा संचालन गरिएको विद्यालय क्षेत्र सुधार योजनाका कार्यनीति तथा रणनीतिहरूमा भएको व्यवस्थामा यस कार्यक्रम अर्न्तगत, मूलतः तीनओटा अनुगमन तथा

मूल्याङ्कन पद्धति, नियम कानुन सङ्गत कार्यक्रम सञ्चालन भए नभएको लेखाजोखा गर्ने, लक्ष्यअनुरूप कार्य भए नभएको मापन गर्ने र अख्तियार गरिएका नीति/रणनीतिको क्षेत्रगत लक्ष्य र उद्देश्यमा परेको प्रभाव मूल्याङ्कन गर्ने  व्यवस्था छ। साथै सुपरिवेक्षण कार्यलाई अझ सुदृढ वनाउदै विद्यालयको व्यवस्थापन लगायतका पक्षहरुमा स्थानीय निकायलाई थप जिम्मेवार बनाउने उल्लेख गरेको देखिन्छ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

प्रस्तुत "विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षण" शोधकार्यका सिलसिलामा गरिएको अध्ययन, विश्लेषण र सो क्रममा पत्ता लगाएका विषयवस्तुबाट निम्न निष्कर्षमा पुग्न सकिन्छ । नेपालको वर्तमान विद्यालय सुपरिवेक्षण यथार्थमा निष्प्रभावी छ र आफ्नो उद्देश्यअनुसार कार्य गर्न सकिरहेको छैन, देशको नयाँ संघीय संरचना अनुसार प्रत्येक गाउँपालिका वा नगरपालिकामा त्यस क्षेत्र भित्र रहेका विद्यालयहरुको रेखदेख गर्न गाँउशिक्षा शाखा वा नगर शिक्षा शाखाको व्यवस्था गरिएको छ । जसले विद्यालयहरुको निरीक्षण तथा सुपरीवेक्षण गर्दछ । यस अध्ययनमा भद्रपुर नगरपालिका नगर शिक्षा शाखा मार्फत सुपरीवेक्षण गरिएको विद्यालयको वढीमा ३ पटक सम्म विद्यालयको अनुगमन तथा निरीक्षण गर्ने गरेको पाईयो, जस अन्तर्गत विद्यालयको कक्षाकोठको अवलोकन र शिक्षकसँगको अन्तर्क्रिया न्यून गरेको पाईयो । विद्यायलको सम्पूर्ण पक्षको अध्ययन गरी प्रतिववेदन तयार गरेको देखिदैन । अर्कोतर्फ प्रधानाध्यापकले भने विद्यालयको निरीक्षण तथा सुपरीवेक्षण नियमित रुपमा गरेको देखियो । तर विद्यार्थीको समस्यालाई भने प्रभावकारी सम्वोधन गरेको भने पाईएन । समय समयमा विद्यालमा आभिभावक भेला गराई विद्यार्थीको सिकाई उपलब्धिका सम्वन्धमा सम्वन्धित अभिभावकलाई जानकारी भने दिएको नै पाईयो । नगर शिक्षा शाखामा भौतिक कार्यालय व्यवस्थापन राम्रो भएपनि कर्मचारी अभावका कारणले विद्यालयहरुको अनुगमन तथा सुपरीवेक्षण गर्न गाह्रो भएको शाखा प्रमुख बताउनु हुन्छ । प्रधानाध्यपकले विद्यालयको नियमित अनुगमन गरेता पनि विद्यालको सुधार भने हुन सकेको छैन । त्यसैले नगर शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको समन्वयमा विद्यालय शिक्षा शिक्षण सिकाइको सुपरीवेक्षण गरेमा प्रभावकारी हुन्छ । यसको महत्वपूर्ण पक्ष कामको मूल्याङ्कन नहुनु, कामअनुसार दण्ड र पुरस्कारको व्यवस्था नहुनु, गरे पनि ठीकै नगरे पनि ठिकैको अवस्था रहेको पाइएको छ । विद्यालयमा सुपरीवेक्षकले दिएको प्रतिवेदनको कार्यान्वयन नभएको, विद्यालय निरीक्षकहरूसँग उच्च र विषयगत दक्षता नरहेको, जसको कारण सबै विषय शिक्षकहरूलाई आवश्यक पृष्ठपोषण प्रदान गर्न नसकेको, निरीक्षकलाई उपलब्ध गराईने आवश्यक सुबिधाहरू ज्यादै न्यून

छ भने अर्कोतर्फ सुपरिवेक्षण गर्नुपर्ने विद्यालय संख्या धेरै देखिएको छ । विद्यालय निरीक्षकहरूको विद्यालय सुपरीवेक्षण शैक्षिकभन्दा प्रशासनिक नै बढी भएको पाइएको, सुपरीवेक्षकहरूले कक्षा अवलोकन गर्ने गरेको र शिक्षकसँग सामान्य अन्तरक्रिया गर्ने गरेको तर दिइएका पृष्ठपोषणको कार्यान्वयन भए नभएको अनुगमन ज्यादै कम हुने गरेको पाइएको छ, विद्यालय व्यवस्थापन समितिसँग भेटघाट तथा छलफल गर्ने कामले पनि प्राथमिकता नपाइरहेको अवस्था रहेको पाइएको छ ।

## ५.२ सुझावहरू

समग्र अध्ययनको क्रममा अध्ययनकर्ताले झापा जिल्लाको भद्रपुर नगरपालिकामा गरिएको यस अध्ययनबाट विद्यालय शिक्षा शिक्षण सिकाइमा सुपरीवेक्षणको अवस्थामा कसरी सुधार गर्न सकिन्छ र सुपरीवेक्षणलाई शिक्षण सिकाइको प्राविधिक सेवाको रूपमा कसरी विकास गर्न सकिन्छ तथा यस सन्दर्भमा देखिएका समस्याहरूको निराकरणको उपायहरू के के हुन सक्छन् भन्ने सन्दर्भमा विभिन्न सरोकारवालाहरूसँग राय सुझाब लिइएको छ । साथै अध्ययनको क्रममा मेरो दृष्टिले देखेका समाधानका उपायहरू सहित सुझावहरू प्रस्तुत गर्ने प्रयास गरिएको छ । समग्रमा सुझाबलाई तीन समूहमा विभाजन गरिएको छ । पहिलो समूहमा कार्यान्वयन तहलाई सुझाब, दोस्रोमा नीतिगत तहलाई सुझाब र अन्तमा अनुसन्धान तहलाई सुझाब समावेश गरिएको छ ।

### ५.२.१ नीतिगत तहका लागि सुझाव

नीतिगत तहमा सबै तह मन्त्रालय, विभाग, जिल्ला शिक्षा समन्वयन एकाई तथा नगर शिक्षा शाखामा दरिलो अनुगमन समयन्त्र स्थापना गरिनु पर्ने, प्रभावकारी पुरस्कार र दण्डको व्यवस्था गरी कार्य सम्पादनको आधारमा पदोन्नति र राम्रा अवसरहरू प्रदान गर्ने नीति अवलम्वन गरिनु पर्ने, शिक्षक सेवा आयोगद्वारा परीक्षा लिई योग्य र सक्षम व्यक्तिलाई निरीक्षणको रूपमा नियुक्ति गर्ने व्यवस्था गर्नुपर्ने, विद्यालय सुपरीवेक्षणको हालको बारम्बरतालाई बृद्धि गर्नुपर्ने, प्रशासनिक निरीक्षणको तुलनामा शैक्षणिक निरीक्षणलाई जोड दिनुपर्ने देखियो । विद्यालय क्षेत्र सुधार योजनाले सुपरीवेक्षण कार्यलाई प्रभावकारी कार्यान्वयन गर्ने उल्लेख भएको देखिदा

निरीक्षकहरुको स्तरवृद्धि हुनुपर्ने, समयसमयमा तालिम तथा अन्य त्यस्तै कार्यक्रम संचालन गर्ने र सामुहिक निरीक्षण कार्यलाई व्यस्थित बनाउन आवश्यक देखियो ।

## ५.२.२ कार्यान्वयन तहका लागि सुझाव

नगर शिक्षा शाखालाई वास्तविक विद्यालयहरुको निरीक्षण केन्द्र बनाउनु पर्ने, समूह सुपरीवेक्षण प्रणाली लागू गर्न सकिएमा प्रभावकारी हुने, शिक्षा शाखा प्रमुख र प्र.अहरुले विद्यालय सुपरीवेक्षणको योजना बनाउनु पर्छ । शिक्षक, विद्यार्थीप्रतिनिधि र वि.व्य.स.पदाधिकारीबीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने काम नगर शिक्षा शाखा प्रमुख प्रधानाध्यापकको समन्वयनमा गर्नुपर्ने उनीहरुको दिएको प्रतिवेदन माथि समयमै कारवाही गर्ने व्यवस्था हुनुपर्ने, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूले खास गरेर विद्यालयको प्रशासनिक तथा शैक्षिक निरीक्षण गर्न सक्ने सामर्थ्य राख्नु पदर्छ । त्यसैले उनीहरूको क्षमता विकासका लागि अल्पकालीन तालिमहरू समय समयमा उपलब्ध गराउनु पर्दछ, शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न सुपरीवेक्षकले मूलतः कक्षाकोठाको अवलोकन, सामूहिक व्याख्या विश्लेषण, योजना र कार्यक्रम तथा सुधारजस्ता पक्षमा, नमूना पाठ प्रदर्शन, शिक्षकहरूसँग बसी छलफल, विचार, विमर्श, नियमित कार्यशाला, गोष्ठी सञ्चालन, शैक्षिक सूचना प्रवाहकर्ता तथा सन्देशवाहक कर्ताको भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।

## ५.२.३ अनुसन्धान तहका लागि सुझाव

अनुसन्धान तहमा खासगरी सुपरिवेक्षणलाई प्रभावकारी बनाउदै विद्यालय शिक्षा सिकाई क्रियाकलापमा सुधार ल्याई गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण निर्माण गर्न सुपरीवेक्षक, शिक्षक तथा विद्यार्थीहरू गुणस्तरयुक्त बन्नु पर्दछ । बालकलाई कस्तो बनाउने, कस्तो शिक्षा दिने, कसरी विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्ने सक्षमता प्रदान गर्न समेतका लागि भैरहेको व्यवस्थामा आवश्यक सुधार तथा व्यवस्थापनको आवश्यकता पर्दछ । यसका लागि शिक्षासँग सरोकार राख्ने खास गरी शिक्षा मन्त्रालय र शिक्षा विभागले नीतिगत पक्षमा सुधार ल्याउन, सुविधा विस्तार गर्दै लगी सुपरीवेक्षण कार्यलाई व्यापक र प्रभावकारी बनाउन, भैरहेको विद्यालय निरीक्षण अनुपातलाई समसामयिक बनाई व्यवहारिक बनाउन, शिक्षक, विद्यार्थीको क्षमता

अभिवृद्धिका लागि आवश्यक विभिन्न तालिम कार्यक्रमहरूको व्यवस्थापन गर्न समेत थप अनुसन्धान गर्नु जरूरी छ ।

विद्यालय शिक्षाको संरचना परिवर्तन भई कक्षा १२ सम्म विद्यालय शिक्षामा समाहित हुने अवस्थालाई मध्यनजर गर्दै सुपरीवेक्षण कार्यलाई थप प्रभावकारी बनाउन यसको सुदृढीकरणका लागि नियमित अनुसन्धान आवश्यक हुन्छ ।

## सन्दर्भसामग्रीहरू


अधिकारी विष्णु प्रसाद, (२०७३) *विद्यालय निरीक्षक दिग्गदर्शन* काठमाडौः आशिस प्रकासन ।

अधिकारी बलराम, (२०७४) *प्रथामिक शिक्षाका सैद्धान्तिक पक्षहरू* विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी काठमाण्डौ ।

कार्की उपेन्द्रकुमार, (२०७३) शिक्षा मनोविज्ञानः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी काठमाण्डौ ।

काफ्ले, वासुदेव र अन्य (२०६०), *शैक्षिक योजना;* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

काफ्ले, वासुदेव र अन्य (२०६२), *शैक्षिक प्रशान र सुपरीवेक्षण;* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, श्रीप्रसाद (२००५) *विद्यालय सुपरीवेक्षणको अवस्था* काठमाण्डौ : पिनाकल पब्लिकेसन बाघवजार ।

ढकाल, माधवप्रसाद (२०५४), *शैक्षिक प्रशासन;* काठमाडौं : रत्न पुस्तक भण्डार ।

ढुङ्गाना, पदमप्रसाद (२०५९), *स्रोतकेन्द्र विकास निर्देशिका;* भक्तपुर : शिक्षा विभाग, तालिम तथा निरीक्षण शाखा ।

पोखरेल, लालप्रसाद (२०६२), *माध्यमिक विद्यालयहरुमा शैक्षिक सुपरीवेक्षणको प्रभावकारिता;* कीर्तिपुर, काठमाडौं : त्रिभुवन विश्वविद्यालय, केन्द्रीय क्याम्पस (अप्रकाशित स्नातकोत्तर शोधपत्र)

पौड्याल, लेखनाथ (२०७४) *शैक्षिक प्रक्रिया र नेपालमा शिक्षाः* अस्मिता प्रकासन, काठमाण्डौ ।

पण्डित दीनानाथ (२०५४), *शैक्षिक प्रशासन र सुपरीवेक्षण;* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सिन्हा रिता, (२०६३) *सुपरीवेक्षणले माध्यमिक विद्यालयले शैक्षिक गुणस्तरमा पारेको प्रभाव एक अध्ययन:* कीर्तिपुर, काठमाडौं : त्रिभुवन विश्वविद्यालय, केन्द्रीय क्याम्पस (अप्रकाशित स्नातकोत्तर शोधपत्र)

लम्साल, हरिप्रसाद (२०६२), *समकालीन शैक्षिक चुनौती र भावी दिशा;* काठमाडौं : सोपान मासिक ।

शर्मा निर्मला, (२०६९) *शिक्षाको समाज शास्त्रीय आधार* काठमाडौः पिनाकल पव्लिकेशन बागबजार ।

शाही, तीर्थबहादुर (२०५७), *सुर्खेत उपत्यकाका माध्यमिक विद्यालयले शैक्षिक गुणस्तरमा पारेको प्रभाव एक अध्ययन;* सुर्खेत क्याम्पस (अप्रकाशित स्नातकोत्तर शोधपत्र) ।

शाही, भूपेन्द्र (२०६३), *विद्यालय सुपरीवेक्षणको स्थिति;* कीर्तिपुर, काठमाडौं : त्रिभुवन विश्वविद्यालय, केन्द्रीय क्याम्पस (अप्रकाशित स्नातकोत्तर शोधपत्र)

श्रेष्ठ, जयचन्द्र (२०५८), *सिन्धुपाल्चोक जिल्लामा माध्यमिक विद्यालयहरुमा शिक्षण सिकाइको अवस्थालाई सुधार गर्न जिल्ला शिक्षा कार्यालयको भूमिका;* ताहाचल, काठमाडौं : महेन्द्ररत्न क्याम्पस (अप्रकाशित स्नातकोत्तर शोधपत्र) ।

सेरिड (२०६४), *फर्मेटिभ अनुसन्धान परियोजना;* काठमाडौं : त्रिभुवन विश्वविद्यालय, शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।

शिक्षा ऐन (२०२८), नवौं संशोधन २०६३, काठमाडौं : नेपाल कानुन किताब खाना ।

शिक्षा नियमावली (२०५९) नवौं संशोधन २०६३, काठमाडौं : नेपाल कानुन किताब खाना ।

क्षेत्रीय शिक्षा निर्देशनालय (२०६१), *शैक्षिक गुणस्तर सुधारमा स्रोतकेन्द्रको भूमिका अध्ययन प्रतिवेदन;* सुर्खेत : मध्यमाञ्चल क्षेत्रिय शिक्षा निर्देशनालय ।

# विद्यालय शिक्षा शिक्षणमा सुपरिवेक्षणको वर्तमान अवस्था

## अनुसूची ५

### विद्यालय सर्वेक्षण फारम (चेकलिष्ट)

विद्यालयको नामः :-

ठेगाना :-

| सि.नं | विवरण | छ | | | छैन | कैफियत |
|---|---|---|---|---|---|---|
| | | उत्तम | मध्यम | निम्न | | |
| १ | विद्यालयको आफ्नै भवन | | | | | |
| २ | विधालयको भवनको अवस्था | | | | | |
| ३ | कक्षा शिक्षणका लागि आवश्यक कक्षा कोठा | | | | | |
| ४ | कक्षा कोठाको आकार | | | | | |
| ५ | कक्षा कोठाको अवस्था | | | | | |
| ६ | कक्षा कोठामा फर्निचरको अवस्था | | | | | |
| ७ | पुस्तकालयको अवस्था | | | | | |
| ८ | वैठक कक्षको व्यवस्था | | | | | |
| ९ | सौचालयको अवस्था/व्यवस्था | | | | | |
| १० | खानेपानीको अवस्था र प्रयाप्तता | | | | | |
| ११ | खेलमैदानको व्यवस्था | | | | | |
| १२ | सरसफाई तथा वरवगैचा | | | | | |
| १३ | विधालय घेरावारा | | | | | |
| १४ | शैक्षिक सामग्रीको प्रयोग/उपलव्धता | | | | | |
| १५ | विज्ञान प्रयोगशालाको व्यवस्था | | | | | |
| १६ | वार्षिक कार्ययोजना निर्माण | | | | | |
| १७ | दैनिक पाठयोजना निर्माण | | | | | |
| १८ | शिक्षकहरुको नियमितता | | | | | |
| १९ | विद्यार्थीको नियमितता तथा अनुसासन | | | | | |
| २० | विद्यालय पोशाकको व्यवस्था | | | | | |
| २१ | शिक्षक विद्यार्थी अनुपात | | | | | |
| २२ | विद्यार्थी भर्ना सम्वन्धी विवरण | | | | | |
| २३ | शिक्षकहरुको कायवोझ | | | | | |
| २४ | विधालयमा संचालन हुने अतिरिक्त कृयाकलाप | | | | | |
| २५ | शिक्षक वैठक | | | | | |
| २६ | व्यवस्थापन समितिको वैठक | | | | | |
| २७ | शिक्षक अभिभावक संघको वैठक | | | | | |
| २८ | समुदायको सहभागीता | | | | | |
| २९ | अन्य निकायको सहयोगको अवस्था | | | | | |
| ३० | शिक्षक तालिम र त्यसको प्रभावकारीता | | | | | |
| ३१ | विद्यालयको आर्थिक अवस्था | | | | | |

# विद्यालय शिक्षामा सुपरिवेक्षणको वर्तमान अवस्था

## अनुसूची ४

## समूह छलफलका लागि निर्देशिका

विद्यालयको नामः मितिः

सहभागीहरुको नामः तह/शैक्षिक योग्यताः

१.
२.
३.
४.
५.
६.

१. विद्यालको शिक्षण कार्यमा सुपरिवेक्षण गर्न के गर्नुपर्छ ?

क) नियमित भेटघाट र छलफल ख) आवश्यकतानुसार भेटघाट र छलफल

ग) मासिकरुमा प्र.अ.बैठक बोलाएर घ) वि.नि.तथा स्रोतव्यक्ति मार्फत

२. तपाईको विद्यालयमा शिक्षण कार्यमा कस-कसबाट सुपरीवेक्षण हुने गरेको छ ?

क) वि.नि.बाट ख) नगरशिक्षा प्रमुख

ग) विद्यालय व्यवस्थापन समिति तथा अभिभावकबाट घ) आवश्यकतानुसार माथिका सबैबाट

३. विद्यालयको शिक्षण कार्यमा सुपरिवेक्षण गर्दा कस्ता कार्यको अपेक्षा गर्नु हुन्छ ?

क) कक्षा अवलोकन ख) विद्यालयको भौतिक तथा अर्थिक पक्ष बढाउने खालको

ग) विद्यालयको शैक्षिक स्तर उकास्ने खालको घ) विद्यालयको समग्र पक्षको

४. विद्यालयको शिक्षण कार्यवाट तपाईहरुको शिक्षण कृयाकलापमा के कस्तो सहयोग मिलेको छ ?

क) आंशिक सहयोग ख) पूर्ण सहयोग ग) सहयोग नै मिलेको छैन

५. विद्यालयको शिक्षण कार्यलाई सुपरिवेक्षणलाई प्रभावकारी वनाउन के के गर्नु आवश्यक ठान्नु हुन्छ ?

क) नियमित छलफल र भेटघाट ख) समयसमयमा तालिमको व्यवस्था

ग) विद्यालयका समस्यालाई सम्बोधन हुने कार्यक्रमको निर्माण

६. विद्यालयको शिक्षण कार्यमा सुपरिवेक्षणकर्तालाई के कस्ता समस्या र चुनौतिको सामना गर्नु परेको जस्तो लाग्छ ?

क) भौतिक र आर्थिक ख) शैक्षिक र प्राविधिक

ग) मानसिक र शारीरिक घ) प्रशासनिक र कार्यान्वयन

७. त्यस्ता समस्या र चुनौतिहरुको समाधानका लागि के कस्ता कार्यहरु गर्नु पर्ला ?

..........................................................................................

८. विद्यालयको शिक्षण कार्यमा सुपरिवेक्षण गर्दा आउने पदाधिकारीले विद्यालय सुपरिवेक्षण अन्तर्गत के कस्ता कार्य गर्नु हुन्छ ?

क) कक्षा अवलोकन ख) नमूना पाठ प्रदर्शन ग) विद्यालय भ्रमणमात्र

घ) समूह छलफल ङ) समस्याको परिहचान र समाधान

९. तपाईहरुको शिक्षण कृयाकलापलाई मद्धत पुग्ने गरी कुनै सल्लाह सुझाव दिने गर्नु भएको छ छैन ? छ भने कस्ता सुझाव दिनु हुन्छ ?

# विद्यालय शिक्षा शिक्षणमा सुपरिवेक्षणको वर्तमान अवस्था

## अनुसूची-१

### प्रधानाध्यापक तथा शिक्षकहरुका लागि प्रश्नावली

१. नगर शिक्षा शाखा प्रमुखले गर्नुपर्ने मुख्य सहयोगी काम के हो ?

क) सुपरीवेक्षण ☐ ख) निरीक्षण ☐

ग) निर्देशन ☐ घ) अवलोकन ☐

२. तपाईंको विद्यालयमा शिक्षण कार्यमा सुपरीवेक्षणको निरन्तरता कस्तो छ ?

क) छ ☐ ख) छैन ☐

ग) कहिलेकाही हुन्छ ☐ घ) अन्य ................

३. तपाईंको विद्यालयमा शिक्षण कार्यकमा अघिल्लो वर्षमा कति पटक सुपरीवेक्षण भएको थियो?

क) एकपटक ☐ ख) दुई पटक ☐

ग) तीन पटक ☐ घ) धेरै पटक ☐

४. नगरशिक्षा शाखावाट विद्यालयका शिक्षण सिकाई क्रियाकलापमा शैक्षिक सुपरीवेक्षण गर्दा प्रभाव पार्ने प्रमुख कारक तत्व के हो ? ☐

क) नीति र नियमको अभाव ☐ ख) अधिक विद्यालय संख्या

ग) स्रोत साधनको अभाव ☐ घ) उत्तरदायित्वबोधको कमी ☐

५. गाउँ शिक्षा शाखा प्रमुखको विद्यालयका शिक्षण कार्यमा कस्तो भूमिकाको अपेक्षा राख्नुहुन्छ? ☐ ☐

क) सहयोगी ख) सुधारक

ग) घनिष्ट ☐ घ) मिलनसार ☐

६. तपाईंलाई नगरशिक्षा शाखा प्रमुखको मुख्य रुपमा कस्तो सहयोग प्राप्त भएको छ ?

क) शिक्षण सिकाइ सीप ☐ ख) शिक्षण सामग्री निर्माण सीप ☐

ग) शैक्षिक समस्या समाधान गर्ने सीप ☐ घ) अन्य ..................

७. शैक्षिक सुपरीवेक्षणका क्रममा शिक्षा शाखा प्रमुखको दिएका सुझावहरु कत्तिको कार्यान्वयन गर्नुभएको छ ?

☐

क) ० देखि २५ प्रतिशत ☐ ख) २५ देखि ५० प्रतिशत

ग) ५० देखि ७५ प्रतिशत ☐ घ) ७५ देखि १०० प्रतिशत ☐

८. नगरशिक्षा शाखा प्रमुखले गरेको सुपरीवेक्षणलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

.............................................................................................

.............................................................................................

.............................................................................................

११. नगरशिक्षा शाखावाट हुने शैक्षिक सुपरीवेक्षणमा प्रभाव पार्ने तत्वहरु केके हुन् ?

.............................................................................................

.............................................................................................

.............................................................................................

१२. नगरशिक्षा शाखा प्रमुखको विद्यालको शिक्षण सिर्काइ कार्यमा सुपरीवेक्षण गर्दा देखिएका समस्याहरु निराकण गर्ने उपायहरु केके हुन सक्छन् ?

.............................................................................................

.............................................................................................

.............................................................................................

## विद्यालय शिक्षा शिक्षणमा सुपरिवेक्षणको वर्तमान अवस्था

### अनुसूची २

### विद्यालय व्यवस्थापन समितका अध्यक्ष अविभावकका लागि प्रश्नावली

विद्यालयको नामः मितिः

अध्यक्षको नामः शैक्षिक योग्यताः

ठेगानाः

१. व्यवस्थापन समितिको अध्यक्ष/शिक्षक अभिभावक सङ्घको अध्यक्ष हुनु भएको कति वर्ष भयो ?

२. अध्यक्ष हुनु अगाडी शिक्षण पेशामा लाग्नु भएको थियो ? यदी हुनुहुन्थ्यो भने कुन तहमा रहेर शिक्षण गर्नु भएको थियो ?

क) प्राथमिक ख) निम्न माध्यमिक

ग) माध्यमिक घ) शिक्षण पेशामा संलग्न थिइन

३. तपाईले आफ्नो विद्यालयको शिक्षण सिकाई क्रियाकलापमा सुपरिवेक्षण हप्तामा कति पटक गर्ने गर्नु भएको छ ?

क) १ पटक ख) २ पटक ग) ३ पटक

घ) ४ पटक भन्दा बढी ङ) हप्तामा होइन मासिक ..... पटक

४. तपाईको विद्यालयको शिक्षण सिकाई क्रियाकलापमा प्रायःजसो कस कसवाट सुपरिवेक्षण हुने गरेको छ ?

क) वि.नि. ख) स्रोतव्यक्ति

ग) अभिभावक घ) वि.व्य.स.

५. नगरशिक्षा शाखा प्रमुखले विद्यालयको सुपरिवेक्षण अन्तर्गत कस्ता कार्य गर्नु हुन्छ ?

क) विद्यालयको शिक्षण सिकाई क्रियाकलापको समग्र पक्षको निरीक्षण

ख) विद्यालयको भौतिक तथा शैक्षिक पक्षको मात्र निरीक्षण

ग) विद्यालयको समसामयिक पक्ष, पठनपाठन तथा कक्षा अवलोकन

६. सुपरिवेक्षण अर्न्तगत प्र.अ.वाट कस्ता कार्य भएको पाउनु भएको छ ?

क) कक्षा अवलोकन ख) सामान्य निरीक्षण र निर्देशन

ग) शिक्षकसँग छलफल र अन्तर्क्रिया घ) प्राय: निष्कृय हुने गर्नुहुन्छ

७. प्र.अ.बाट सुपरिवेक्षण हुंदा कस्ता कार्य भई दिए हुन्थ्यो जस्तो लाग्छ ?

...............................................................

८. प्र.अ. तथा तपाईबाट कहिल्यै शिक्षकहरुकले कक्षा अवलोकन गर्नु भएको छ ? छैन भने किन छ भने अवलोकन पश्चात कस्ता सुझावहरु दिने गर्नु भएको छ ?

..............................................................................................

९. विद्यालयको शिक्षणकार्यमा सुपरिवेक्षण गर्दा कस्ता समस्या र चुनौतिहरुको सामना गर्नु परेको जस्तो लाग्छ ?

..............................................................................................

१०. त्यस्ता समस्या समाधानका लागि कस्ता कार्य गर्नु पर्ला जस्तो लाग्छ ?

..............................................................................................

## अनुसूची-३

### नगर शिक्षा शाखा प्रमुखलाई सोधिएका प्रश्नहरु

१. तपाईंले गर्ने सुपरीवेक्षणले विद्यालय शिक्षा शिक्षण कार्यमा के कस्तो प्रभाव पारेको अनुभव गर्नुभएको छ ?

क) अत्यन्त राम्रो ☐ ख) राम्रो ☐

ग) सामान्य ☐ घ) अन्य ...............

२. वर्षमा कति पटक विद्यालयको शिक्षण कार्यको सुपरीवेक्षण गर्नुहुन्छ ?

क) एक पटक ☐ ख) दुई पटक ☐

ग) तीन पटक ☐ घ) धेरै पटक ☐

३. सुपरीवेक्षण गर्दा के गर्नुभएको छ ?

क) सुपरीवेक्षणले शिक्षण शिकाईमा पर्न प्रभाव ☐

ख) प्रधानाध्यापकका समस्याहरु केलाउने ☐

ग) शिक्षकका समस्याहरु पत्ता लगाउने ☐

घ) प्र.अ. तथा शिक्षकका कमी कमजोरी पहिल्याई समाधानमा सहयोग गर्ने । ☐

४. शैक्षिक सुपरीवेक्षण गर्दा तपाईंका काममा प्रभाव पार्ने प्रमुख कारक तत्व के हो ?

क) नीति नियमको अभाव ☐

ख) स्रोतसाधनको अभाव ☐

ग) राजनीतिक हस्तक्षेप ☐

घ) कार्यान्वयनको कमी ☐

५. सुपरीवेक्षणबाट प्राप्त कमी कमजोरीलाई कसरी सुधार गर्ने गर्नुभएको छ ?

क) निर्देशन दिएर ☐ ख) समाधानका उपायहरु बताएर ☐

ग) आवश्यक सहयोग गरेर ☐ घ) छलफल गरेर ☐

६. विद्यालयको शैक्षिक सुपरीवेक्षणमा देखिएका समस्या समाधान गर्नका लागि के गर्न उचित ठान्नुहुन्छ ?

क) जनशक्ति बढाउनुपर्छ ☐ ख) सेवासुविधा वृद्धि गर्नुपर्छ ☐

ग) जनचेतना बढाउनुपर्छ ☐ घ) सरोकारवाला सबैले इमानदार हुनुपर्छ ☐

७. सुपरीवेक्षणका क्रममा तपाईंले दिएका सुझावहरु विद्यालयले कत्तिको कार्यान्वयन गरेको पाउनुभएको छ ?

क) ०-२५% ☐ ख) २५-५०% ☐

ग) ५०-७५% ☐ घ) ७५-१००% ☐

८. नगरशिक्षा शाखाले गर्ने शैक्षिक सुपरीवेक्षणमा प्रभाव पार्ने कारक तत्वहरु केके हुन् ?

.............................................................................................

.............................................................................................

.............................................................................................

९. शैक्षिक सुपरीवेक्षणमा नगरशिक्षा शाखाले भोग्नुपरेका समस्याहरु केके हुन् ?

.............................................................................................

.............................................................................................

.............................................................................................

१०. विद्यालयको शिक्षण कार्यमा सुपरीवेक्षण गर्दाका समस्याहरु समाधान गर्न केकस्ता उपायहरु अवलम्बन गर्नुपर्दछ ?

.............................................................................................

.............................................................................................

.............................................................................................